(प्रकृति, धार्मिक, सांस्कृतिक, पर्यटकीय एवं पुल प्रस्तावना)

(अध्ययन, अनुसन्धान र स्थलगत)

६०
औं
कृति

टौदह, शिवकाली र चम्पादेवी
मा
"बाघमती पुल"

चम्पादेवी पाउँ
बोसन, चाल्नाखेल
गा.वि.स., काठमाण्डौ

शिवकाली
यज्ञभूमि, स्वोकना
गा.वि.स., ललितपुर

बाघमती नदी

पुल

टौदह
कीर्तिपुर न.पा.,
वडा नं. १५, काठमाण्डौ

लेखक / कवयित्री
शान्ति चौधरी "आमा"

शिवकाली यज्ञभूमिको मार्गदर्शक खोकना गा.वि.स. वडा नं. १ ललितपुर निवासी श्री पूर्णप्रसाद डंगोल । जीवित देवताहरु मध्ये जम्मा ४ जवान क्रमशः श्री हिरावहादुर डंगोल, श्री धर्मराज महर्जन, श्री अष्टराम महर्जन, श्री एकादशी महर्जन र पछाडि मार्गदर्शक श्री तीर्थवहादुर डंगोल । शिवकालीको खोकना र टौदहमः "**पुल**" निर्माण हुनुपर्दछ, छलफलको तसवीर । रूद्रायणी, मन्दिर खोकना ।

पुल निर्माणको प्रस्ताव पेशकर्ता, श्री हरि महर्ज अध्यक्ष, टौदह वाघम संरक्षण समिति, कीर्ति न.पा. वडा नं.१५, काठमाण

बुइमती, बुइमती गा.वि.स.का शिक्षक श्री रमेश शाक्य, खोकनाका श्री दशराम डंगोल र टौदह, कीर्तिपुर न.पा. वडा नं. १५ "**टौदह**" स्मारिकाका प्रधान सम्पादक श्री न्हछेवहादुर महर्जन । आर्थिक, धार्मिक, सांस्कृतिक र पर्यटकीय कारणहरुका कारण "**शिवकाली**" खोकना, ललितपुर, "**टौदह**" कीर्तिपुर न.पा. र "**चम्पादेवी**" वोसन, चाल्नाखेल गा.वि.स हरूको विकास र उत्थान गर्न वाघमती नदीमा "**पुल**" निर्माणवारे "**शिवकाली**" यज्ञभूमि खोकनामा वसेर छलफल गर्नुहुँदैको जागरुक युवाहरुको तसवीर ।

पुल निर्माण प्रोत्साहनक श्री के.वि. तुलाधर, संस्थ अध्यक्ष, ललितपुर मा. ललितपुर ।

टौदह, शिवकाली र चम्पादेवी
मा
"बाघमती पुल"



उपत्यका प्रमुख र लामो नदी बाघमतीको लम्बाई २,६५० मिटर रहेको छ ।

स्रोत : *लेखक मदनमोहन मिश्रद्वारा लिखित पुस्तक 'नेपाली संस्कृतिमा बागमती एक विहङ्गम दृष्टि ।*

लेखक / कवयित्री
शान्ति चौधरी "आमा"

© शान्ति चौधरी, टौदह, शिवकाली र चम्पादेवीमा बाघमती पुल अध्ययन/अनुसन्धानमूलक पुस्तक

सर्वाधिकार : © लेखकमा सुरक्षित

सम्पर्क ठेगाना : सृजना विकास केन्द्र
टौदह, वडा नं. १५, कीर्तिपुर नगरपालिका,
काठमाण्डौ जिल्ला
पो.ब.नं. ५४८४
मो. नं. ९८४३०३७३३३

पुस्तक सम्पर्क : **श्री हरि महर्जन** अध्यक्ष टौदह बाघमती नदी संरक्षण समिति, टौदह, मो. नं. ९८५११४२६४४,
श्री जनक तामाङ, अध्यक्ष श्री चम्पादेवी व्यवस्थापन संस्था बोसन, चाल्नाखेल गा.वि.स., काठमाण्डौ
मो.नं. ९८४१४१०२५३ **श्री प्रदिप के.सी.** अध्यक्ष टौदह संग्राहलय, टौदह मोबाइल नं. ९८४१८९०५२१,
श्री न्हुछेबहादुर महर्जन, प्रधान सम्पादक टौदह स्मारिका टौदह, मो.नं. ९८५१०७०४०५,
बुङ्मती गा.वि.स., ललितपुर प्रतिनीधि : श्री रमेश शाक्य, मो.नं. ९८४११८१००७
खोकना गा.वि.स., ललितपुर प्रतिनीधि : श्री पूर्णप्रसाद डंगोल, मो.नं. ९८४१५२६१०१, **श्री दशराम डंगोल**
मो.नं. ९८४१२४८७८१, **देवता श्री हिराबहादुर डंगोल**
मो.नं. ९८४१९९२२०३

खोकना गा.वि.स., ललितपुर, काठमाण्डौ, चाल्नाखेल गा.वि.स. र काठमाण्डौ, कीर्तिपुर न.पा., वडा नं. १५ टौदहका लागि सांस्कृतिक, धार्मिक र पुल निर्माणमा जनचेतना जगाउन मूल्य रू. ८०/- मात्र।

लेआउट/डिजाइन : रामजी 'राग'
मुद्रण : सिद्धकाली अफसेट प्रेस प्रा.लि.
रामशाहपथ, काठमाण्डौ
फोन नं. ०१-४२३८५६१
पहिलो संस्करण : २०६९ कार्त्तिक
प्रति : १००० प्रति
मूल्य : रू. २००/-
आर्थिक ऋण लगानीकर्ता समाजसेवी श्रीमती सुलोचना श्रेष्ठ रू. ३५०००/-

ISBN 946-832-6-0



माननीय **भौतिक, निर्माण तथा यातायात मन्त्री श्री हृदयेश त्रिपाठी** ज्यू, ललितपुर, खोकना, शिवकाली र काठमाण्डौ, कीर्तिपुर न.पा. टौदहको **बाघमती नदीमा पुल निर्माण**को प्रस्तावनालाई गम्भिरतापूर्वक आफ्नो कार्यकक्षमा अवलोकन गर्नु हुँदै । २०६९ कार्त्तिक १.

वाघमती नदी पुस्तक लेखन र टौदह वालपार्कका प्रोत्साहनकर्ता **श्री मध्यमाञ्चल क्षेत्रीय प्रशासन कार्यालयका प्रमुख** सचिव **श्री उद्धवप्रसाद बासकोटा**सँग प्रतिनीधिहरु क्रमशः लेखक, ललितपुर, खोकना गा.वि.स.का प्रतिनीधि श्री पूर्णप्रसाद डंगोल, अगुवा श्रीमती सुलोचना श्रेष्ठ, टौदहका महिला अगुवा श्रीमती मीना के.सी., टौदह स्मारिकाका प्रधान सम्पादक श्री न्हुछेबहादुर महर्जन, टौदह संग्रालयका अध्यक्ष श्री प्रदीप के.सी., सदस्य श्री सुरेन्द्र थापा र ललितपुर, बुङमती गा.वि.स.का प्रतिनीधि श्री रमेश शाक्य । २०६९ कार्त्तिक १.

विषय सूची

क्र.सं.	विषय	पृष्ठ संख्या
	भाग - १	
१.	कीर्तिपुर न.पा. टौदह, ललितपुर जिल्ला, खोकना शिवकालीमा बाघमती पुल निर्माणको (प्रस्तावना)	१ - ४१
	भाग - २	
२.	बाघमती नदी र कविता	४२ - ५०
	भाग - ३	
३.	टौदह र कविता	५१ - ५३
	भाग - ४	
४.	शिवकाली र कविता	५४ - ६१
	भाग - ५	
५.	चम्पादेवी र कविता	६२ - ६५
	विविध	
६.	लेखकद्वारा लिखित कृतिहरुको विवरण	६६ - ६९
७.	लेखकबारे राष्ट्रिय दैनिक अन्नपूर्ण पोष्टमा प्रकाशित लेख	७०
८.	टौदह युवा नेतृत्व विकास गर्न तीन अधिकार पत्रहरु	७१ - ७६

भाग - १

कीर्तिपुर न.पा. टौदह, ललितपुर जिल्ला, खोकना शिवकालीमा बाघमती पुल निर्माणको (प्रस्तावना)

सृजना विकास केन्द्र
Creative Development Centre
पो.ब.नं. 5484, केन्द्रीय कार्यालय, काठमाडौं
स्थापित २०४५
कीर्तिपुर नगरपालिका वडा नं. १५, टौदह
प.सं.....

का.जि.का. दर्ता नं. ६१/०४७-४८
स्थायी लेखा नं. :३०३४४४७१५
२

श्री सचिव
अतिरिक्त आवश्यक कार्यवाट गर्ने
६।१।७।१
२०६१।०७।१

मिति :-२०६१।०७।१

सल्लाहकारहरु
अध्यक्ष दिनेशलाल श्रेष्ठ
गो. ९८४१६३६४६४
श्री रियाराम चौधरी
गो. ९८०३०५०५१९८
अध्यक्ष
शान्ति चौधरी
लेखक/ कवयित्री
गो.९८४३०३७३३३
उपाध्यक्ष
श्रीमती इन्दिरा जोशी
गो. ९४४११८४९२१
महासचिव
श्री श्यामराज जोशी-ललितपुर
फोन : ०१-५५३३८५२
सचिव
श्रीमती अञ्जना मल्लिकार्नी -भक्तपुर
ना.९८४१६३७८६८
कोषाध्यक्ष
श्री नरेन्द्र चौधरी
ना. ९८४१२३४४२
सदस्यहरु
श्रीमती पद्मा वैद्य-काठमाडौं
गो.९८४९२६३८१५
श्रीमती सुनीमाया लामा
गो. ९८५१०५५३०२
श्रीमती सुम्ना तण्डुकार
गो ९८४१२८३३२८
श्री भीमसेन दमाई
गो. ९८०३९३३८३७
श्री ललित लामा
गो. ९८४१४५६०४
८४१४५६०४
श्रीमती प्रमिला चौधरी
गो. ९८९०८९१९५
श्रीमती निनुबाबा जोशी
गो.९८५१०९१५१८
श्री रमेश के.सी.
गो.९८५११०९४६६
श्रीमती राधिका के.सी.
गो.९८४७३४२२६
सुश्री दुर्गा श्रेष्ठ
फो.४२२१२९८

माननीय मन्त्री श्री हृदयेश त्रिपाठी ज्यू
भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

९३
६।१।७

विषय : पुल निर्माणको लागि सर्वेक्षण गरी पाउँ बारे

माननीय मन्त्रीज्यू,

उपरोक्त विषयमा नम्र निवेदन यो छ कि, काठमाण्डौ जिल्ला कीर्तिपुर नगरपालिका वडा नं. १५ मा रहेको टौदहको बाघमती नदीमा पुल नभएको निवेदन गरेकी छु।

"पुल" निर्माणका लागि सम्बन्धित निकायका प्राविधिकहरुलाई स्थलगत सर्वेक्षण गर्न तोक आदेश गरी पाउँ भन्ने विनम्र निवेदन छ।

माननीय मन्त्रीज्यू, "पुल" निर्माणको लागि यसै निवेदनमा स्थलगत अध्ययन सहितको प्रस्तावना समावेश छ। यस "पुल" निर्माणलाई मन्त्रालयको योजनामा समावेश गरी पाउँ भन्ने निवेदन छ।

कीर्तिपुर नगरपालिका वडा नं. १५, टौदह र ललितपुर जिल्ला, खोकना गा.वि.स. शिवकालीको बाघमती नदीमा पुल अति आवश्यक भएको सम्बन्धमा माननीय मन्त्रीज्यूमा स्थलगत भ्रमणको लागि समेत नम्र निवदेन छ।

कीर्तिपुर नगरपालिका, "टौदह" र ललितपुर जिल्ला, खोकना गा.वि.स.को "शिवकाली" र काठमाण्डौ जिल्ला चान्नाचेल गा.वि.स.को "चम्पादेवी"को आर्थिक, कृषि, धार्मिक, सांस्कृतिक र पर्यटकीय विकासको लागि "पुल" अनिवार्य भएको तथ्यगत भुक्तानको लागि माननीय मन्त्रीज्यूलाई स्थलगत भ्रमण गर्न निवेदन छ।

"टौदह" स्थानीयवासीमा पुल निर्माणको जनचेतना, गराउन र प्रेरणाजनक प्रोत्साहनका लागि माननीय मन्त्रीज्यू राजधानीबाट २० मिनेटको नजिक रहेको "टौदह"मा स्थलगत भ्रमणका लागि नम्र निवेदन छ। उपरोक्त भ्रमण एउटा अभिलेख बनाउन मैले मेरो ६० औं कृति "टौदह र शिवकालीमा बाघमती पुल"मा समावेश गर्नु उक्त स्थलगत भ्रमणको एउटा अभिलेख भन्ने नम्र निवेदन छ।

प्रतिनीधि हस्ताक्षर
टौदह, कीर्तिपुर न.पा., वडा नं. १५, काठमाण्डौ, जिल्ला

प्रतिनीधि हस्ताक्षर
चान्नाचेल गा.वि.स., काठमाण्डौ जिल्ला

प्रतिनीधि हस्ताक्षर
खोकना गा.वि.स., ललितपुर जिल्ला

भवदीय
शान्ति चौधरी
अध्यक्ष

संलग्न

१. ६० औं कृति "टौदह र शिवकालीमा बाघमती पुल" पुस्तकको आवरण फोटोकपी थान १
२. काठमाण्डौ जिल्ला, कीर्तिपुर नगरपालिका वडा नं. १५ का टौदह र ललितपुर जिल्ला, खोकना गा.वि.स.को शिवकालीको बाघमती नदीमा "पुल" निर्माण प्रस्तावना।
३. पुल प्रस्तवनाको विषय सूची
४. बाघमती नदीमा रहेको पुल विवरण
५. बाघमती नदीमा रहेको पुलका तसवीरहरु।

भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय
सडक बिभाग
योजना तथा डिजाईन महाशाखा
(योजना अनुगमन तथा मूल्याङ्कन ईकाई)

ई-मेल: pmeunit@dor.gov.np
फयाक्स: (९७७)-१-४२६२९९३
फोन: ४२६२६९३
एक्चेन्ज: २२१२, २२१३, २२१०

संख्या PMEU ०६९/७०
चनी नम्बर : १२१

वबरमहल, काठमाण्डौ ।
मिति: २०६९/०७/१९

विषय :- पत्र तथा निवेदन पठाईएको वारे ।

श्री सडक विभाग,
पुल आयोजना, वबरमहल ।

उपरोक्त विषयमा सृजना विकास केन्द्र, कीर्तिपुर नगरपालिका वडा नं. १५, टौदहले पुल निर्माणको लागि सर्वेक्षण गरी पाउ भनि माननीय मन्त्री श्री हृदयेश त्रिपाठीज्यू, भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय, सिंहदरवार, काठमाण्डौलाई सम्वोधन गरी दिएको तोक आदेश सहितको सक्कलै निवेदन आवश्यक कारवाहीको लागि यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध गरिन्छ ।

(अर्जुन सुवाल)
इन्जिनियर

१. भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालयको संक्षिप्त परिचय ।

नेपाल सरकार अन्तर्गत रहेको एउटा मन्त्रालय हो । यसले सम्पूर्ण राष्ट्रलाई निर्णायक नेतृत्व र मार्गदर्शन प्रदान गर्दछ । यसले भौतिक योजनाहरुको पूर्वाधार खडा गर्दछ । यसले निर्माण सम्बन्धको पूर्वाधार खडा गर्नुका साथै निर्माण कार्यहरु पनि गर्दछ । जस्तो सडक र पुल निर्माण यसको मुख्य कार्यक्रम र योजनाहरु हुन् । यस मन्त्रालयको प्रमुख माननीय मन्त्री, त्यसपछि सचिव प्रमुख हुन्छन् । यसको कार्यलय सिंहदरवारभित्रको परिसरमा रहेको छ । हालै २०६९ मा "यातायात" विषय पनि यसमा समावेश गरिएको छ ।

२. पुल भनेको के हो ?

पुल भनेको के हो भन्ने कुरा स्थलगतका जनसमुदाय र प्रस्तावना प्रस्तुतकर्ता संस्थाले समेत बुझ्नु पर्दछ । यो ज्यादै गम्भिर विषय हो । यसलाई केटाकेटीले चकलेट माग्ने जस्तो हल्का वनाउन हुन्न । "पुल" दुई नदी, खोला नाला जसलाई जोड्नका लागि निर्माण हुने विषयलाई "पुल" भनिन्छ । नागरिकहरु खोला र नदीहरु तर्न नसकेर जोखिम अवस्थामा पुग्दछन् । त्यसवेला "पुल" सहज र सरल आवतजावत गर्ने, वस्तुलाई "पुल" भनिन्छ ।

३. पुल किन चाहिन्छ ?

समुन्द्र, नदी, खोलाहरु प्राकृतिक निर्मित वस्तुहरु हुन् । यिनीहरु बगेर अगाडिअगाडि यात्रा गर्दछन् । खोलाहरु नदीमा मिल्दछन, नदीहरु ठूला नदीमा र ठूला नदीहरु अन्तिम समुन्द्रमा मिल्दछन् । यसको यात्राहरु यसै प्रकारका हुन्छन् । एक किनारदेखि अर्को किनारमा मानवलाई पुग्न कठिनाई र असम्भवहरु भएपछि मानवले त्यसलाई तर्न त्यसमाथि कृतिम पूर्वाधार खडा गर्दछन् । "पुल" एक किनारदेखि अर्को किनारमा पुग्नलाई वनाइन्छ ।

उदाहरण-कीर्तिपुर नगरपालिका "टौदह" वडा नं. १५ र ललितपुर, खोकना गा.वि.स.को शिवकालीमा किन पुल चाहिन्छ ? टौदह वडा नं. १५ मा रहेको "बाघमती नदी" पारि खोकना जान कुनै पुल नभएको । टौदहबासीहरुलाई कृषि प्रयोजन र धार्मिक प्रयोजनका कारणहरुले गर्दा दैनिक अनिवार्य बाघमती नदीमा जोखिमपूर्ण तवरले तर्नु पर्ने । खोकनावासीलाई कृषि, धार्मिक र सामाजिक प्रयोजनका कारण अनिवार्य जोखिमपूर्ण बाघमती नदी तर्नु पर्ने कारणहरुले "पुल" चाहिन्छ ।

यहाँका नागरिकहरु पुलको अभावमा ज्यादै कष्टपूर्ण र जोखिमपूर्ण समस्याहरुले पीडित भएकोले पुल चाहिन्छ । बाघमती एउटा नदी भएकोले स्थानीय जनताहरुको जनचेतना, ज्ञान, प्रविधि र स्रोतको अभावमा पुल निर्माण गर्न क्षमताभन्दा बाहिर भएको ।

४. पुल उत्प्रेरणा

"बाघमती नदी र टौदह" पुस्तक अध्ययन/अनुसन्धान गर्न **"बाघमती नदी"** किनारमा रहेका मठमन्दिरहरुको अभिलेख राख्न म बसेकी **"टौदह"** बाघमती नदी अगाडिको पूर्वतर्फको ललितपुर जिल्ला, खोकनाको प्रसिद्ध धार्मिकस्थल **"शिवकाली"** जान असमर्थ भएकी थिएँ । बाघमती नदी तर्न सक्दिनँ । यसरी म त्यस ठाउँमा अध्ययन/अनुसन्धान गर्न प्रथम पटक चाल्नाखेल गा.वि.स. र खोकनामा रहेको तौथली झुलुङ्गे पुल भएर त्यहाँ पुगेकी थिएँ । **"शिवकाली"** पुग्न पैदल तीन घण्टाको समय लागेको थियो । "टौदह"का किसानहरु आफ्नो गाईवस्तु चरणका लागि बाघमती पारि खोकना फाँटमा अनिवार्य पुग्नुपर्दछ । यहाँका महिला, बालबालिका र पुरुषहरु दैनिक दिनमा दुईपटक बाघमती नदी जोखिमपूर्ण तरिकाबाट तर्ने गरेको देखिकी छु । त्यसपछि "दशैँमा "शिवकाली" दर्शन गर्न टौदहका महिलाहरु अनिवार्य रुपले बाघमती नदी तरेर पूजा गर्न पुग्ने गर्दछन् । "खोकना"का किसान व्यापारिहरु तोरीको तेल र तरकारीका बोटबिरुवाहरु बेच्न घण्टौँ घुमेर टौदह आईपुग्दछन् । यी सम्पूर्ण वास्तविक घट्नाक्रमले मलाई "टौदह" कीर्तिपुर वडा नं. १५ र ललितपुर खोकना "शिवकाली" बीचमा बग्ने "बाघमती नदी"मा अनिवार्य पुल राख्नै पर्ने उत्प्रेरणा दिएको छ ।

यी विविध वास्तविक विषयहरु बाहेक अर्को महत्वपूर्ण विषय यो छ मैले आफ्नो पुस्तक "बाघमती नदी र टौदह"को अध्ययन/अनुसन्धान गर्न बाघमती नदी उत्पत्ति स्थल चपली भद्रकाली गा.वि.स. वडा नं. ५ "बाघद्वार"देखि उपत्यकाको अन्तिम काठमाण्डौ जिल्ला, छैमले, सिमपानी छैमले गा.वि.स. र ललितपुर जिल्ला, देवीचौर, देवीचौर गा.वि.स.सम्म पैदल यात्रा गर्दा प्रत्येक ठाउँमा कहीँ न कहीँ पुल भएको देखेकी छु तर "टौदह" कीर्तिपुर वडा नं. १५ मा कुनै पनि पुल निर्माण नभएको देखेर ज्यादै छक्क परेकी छु । यसरी अनिवार्य रुपमा पुल चाहिएको "टौदह"का जनतामा जनचेतनाको कमी र पुल निर्माणको उत्प्रेरणा नभएको देखेर भने ज्यादै छक्क परेकी छु । "पुल"को निर्माण हुनै पर्दछ भन्ने यसले मलाई उत्प्रेरणा दिएको छ ।

५. कीर्तिपुर, टौदह र ललितपुर, खोकना, शिवकालीमा पुल नभएको ।

मेरो ५९ औं कृति "बाघमती नदी र टौदह"को स्थलगत अध्ययन गर्न "बाघमती नदी" उत्पत्ति बाघद्वारदेखि उपत्यका अन्तिम देवीचौर गा.वि.स. ललितपुर र काठमाण्डौ जिल्लाको छैमले गा.वि.स.सम्म पुग्दा कीर्तिपुर नगरपालिका वडा नं. १५ टौदहको "बाघमती नदी"मा कुनै पनि पुल नभएको पाएकी छु ।

६. पुल निर्माण स्थल टौदह, खोकनाको शिवकाली र चाल्नाखेल गा.वि.स.को चम्पादेवीको परिचय ।

पुल निर्माणस्थल कीर्तिपुर वडा नं. १५ को टौदह र ललितपुर जिल्ला, खोकना गा.वि.स.को खोकनाको शिवकाली भएता पनि यो पुल निर्माणवाट टौदहको अघिल्लो स्थान काठमाण्डौ जिल्लाको गा.वि.स. चाल्नाखेल गा.वि.स.पनि लाभान्वित हुनेछ । चाल्नाखेल गा.वि.स.मा रहेको उचाईको पहाड र डाँडामा अवस्थित ऐतिहासिक, धार्मिक र पर्यटकीय चम्पादेवीको शिर र पाउलाई समेत यस पुलले त्रिकोणात्मक दृष्टिले फाइदा पुऱ्याउनेछ ।

"टौदह" कीर्तिपुर नगरपालिका वडा नं. १५ काठमाण्डौ जिल्लामा पर्दछ । यो राजधानीवाट दक्षिणतर्फ पर्दछ । वाघमती नदी यसको पूर्वतर्फ बग्ेकी छिन् । यो केही समथल अग्लो भूमिमा रहेको छ ।

खोकनाको शिवकाली यो ललितपुर जिल्लाको दक्षिण खोकना गा.वि.स. पर्दछ । शिवकाली टौदहको बाघमती नदीपारि पूर्वतर्फ पर्दछ । ऐतिहासिक धार्मिक शिवकाली बाघमती नदी किनारकै उचाई भएको डाँडामा रहेको छ । बाघमती नदीसँगै खोकना उचाईको समथल भूमिमा रहेको छ ।

चाल्नाखेलको चम्पादेवी यो काठमाण्डौ जिल्लामा पर्दछ । यसको पनि पूर्वी भागतर्फ बाघमती नदी बग्दै गएकी छिन् । "चम्पादेवी" प्रसिद्ध ऐतिहासिक र धार्मिक स्थान हो । "चम्पादेवी" शिर रहेको स्थानमा कुनै मानव बस्ती छैन्, यो ज्यादै उचाईको पहाड हो । "चम्पादेवी"को पाउ चम्पादेवी पहाडको तल बोसन डाँडामा रहेको छ । बोसनको उचाईमा तामाङ र नगरकोटी बस्दछन् । क्रमशः मगर, क्षेत्री र ब्राम्हणहरु आदि त्यसपछि तल उचाईका डाँडाहरुमा रहेकाछन् । यो राजधानीको दक्षिण भागमा पर्दछ ।

७. पुलको अनिवार्यताको मुख्य कारणहरु धार्मिक, साँस्कृतिक, कृषि, आर्थिक र पर्यटकीय ।

पुलको अनिवार्यताको कारणमा एउटा मुख्य कारण आर्थिक छुट्न गएको थियो । त्यसमा छलफलसहितको चुईगाउँको सक्रिय युवा अगुवा श्री नुहुन्छे महर्जनले दिनुभएको छ । हुन पनि हामी सम्पूर्ण नेपाली आर्थिक रुपले नै कमजोर छौं । नेपाल संसारको गरिब मुलुकमा रहेको छ ।

धार्मिक :- शिवकाली, टौदह र चम्पादेवी तीनवटै प्रसिद्ध धार्मिक स्थानहरु हुन् । शिवकाली बाघमती नदीपारि खोकना, ललितपुर जिल्लामा पर्दछ । वडादशैंमा शिवकाली खोकनामा ठूलो उत्सव मनाइन्छ । यो स्थानमा दक्षप्रजापतिले यज्ञ गरेको स्थान हो । देवी सतीले आफ्ना पति भगवान शिवको अपमान सुन्न नसकि त्यही अग्नी कुण्डमा हामफाली प्राण त्याग्नु भयो । भगवान शिवले आफ्नो शरीरवाट काली उत्पन्न गर्नुभई त्यही कालीले दक्षप्रजापति लगायत धेरैलाई दण्ड दिएकी थिइन् । त्यसैले यस देवस्थललाई "शिवकाली" भनिन्छ । पुल नभएको कारण टौदहबासीहरु दशैंमा जोखिमपूर्ण बाघमती नदी तरेर दर्शन र पूजा गर्न पुग्दछन् । "पुल" अनिवार्य धार्मिकको पनि मुख्य कारण एक रहेको छ । "शिवकाली" जस्तो प्रसिद्ध ऐतिहासिक धार्मिक स्थान भई टौदह, चाल्नाखेलको चम्पादेवीमा धार्मिक पर्यटकहरु सजिलो तवरले पुग्न सक्नेछन् ।

साँस्कृतिक :- "पुल" निर्माणको अर्को प्रमुख कारण साँकृतिक पक्षलाई पनि यहाँ मैले अगाडि सारेकी छु । सँस्कृति मानव सभ्यताको भेष, भाषा, पहिरन, चाड, पर्व र रहनसहनसँग गाँसिएको हुन्छ । टौदह र खोकना शिवकालीको बाघमती नदीमा पुल नभएको कारण यो क्षेत्रका नागरिकहरु साँस्कृतिक रुपमा टाढा बन्नु परेको छ । साँस्कृतिक रुपमा नजिक ल्याउन "पुल" निर्माण अनिवार्य रहेको छ ।

कृषि:- हाम्रो देश नै कृषि प्रधान देश हो । खोकना, टौदह र चाल्नाखेलको मुख्य पेशा नै कृषि हो यिनीहरु पूर्णतया कृषिमा निर्भर छन् । धान, मकै, भटमास, गहुँ र तरकारीहरु बेचेर आफ्नो दैनिक जीवनमा चाहिने औषधि उपचार, बच्चाहरुको स्कूल शुल्क, कपडाहरु, नुन, चिनी आदिको व्यवहार चलाउने गर्दछन् । दूध बिक्री टौदहका किसानको मुख्य आम्दानी हो ।

टौदहका यी सम्पूर्ण कृषकहरुको गाई, भेडा र बाखाहरु चरणका लागि बाघमती नदीपारि खोकना शिवकालीको फाँटमा दिनदिनै लैजाने गर्दछन् । त्यहाँ चरणका फाँट र घाँसहरु छन् ।

त्यसैगरी खोकनाका किसानहरु आफ्नो उत्पादनको तरकारीहरु बीऊ र

तोरीको तेल बेच्न टौदहमा पुग्दछन् । खोकनाको मानववस्ती बाघमती नदीबाट धेरै पर छ । तर खोकनाका किसानका खेतहरु नदी किनारमा भएका कारण टौदह पारिबाट गाईबस्तुहरु खुल्ला रुपले आई नोक्सान गर्दा उचित उत्पादनको संरक्षण गर्न सकेका छैनन् । कृषि र कृषकहरुको उन्नतिका लागि पुल निर्माण हुनु पर्दछ।

आर्थिक :- म आर्थिक पक्षमा विविध वुँदाहरु राख्नुभन्दा अगाडि म आफ्नै आर्थिक नोक्सानी भएको प्रस्तुत छ । टौदह र खोकनाको शिवकाली बाघमती नदीमा पुल नभएको कारणले मैले पाएको यथार्थ पीडा यहाँ प्रस्तुत गर्न चाहन्छु । टौदहबाट खोकनाको शिवकाली केवल दश मिनेटमा पुग्न सकिन्छ तर बीचमा रहेको बाघमती नदी म तर्न सक्दिनँ । त्यहाँसम्म पुग्न वल्खु र एकान्तकुनासम्म बस र पुनः अर्को बस खोकनासम्मको चढ्नुपर्दछ । अर्को ३ वटा बसमा मेरो धन र समयको नोक्सान धेरै भएको छ ।

पैदल त्यहाँसम्म पुग्न चाल्नाखेल खहरे, तौथली खोकनाको पुल तरेर फेरि पैदल शिवकाली गरी करिव तीन घण्टा लाग्दछ । टौदहबाट जलविनायक चोभार र सैबु भैंसेपाटीबाट खोकना दुई घण्टा लाग्दछ । यसरी पुल हुँदा केवल १० मिनेटमा खोकना शिवकाली पुग्न सकिन्छ । यसरी मेरो धन र समय "पुल"को अभावमा धेरै नोक्सान भएको छ । मेरो आफ्नै उदाहरण प्रस्तुतद्वारा टौदह र खोकना लगायत प्रत्येक नागरिकको धन र समयको नोक्सानको मूल्याङ्कन गर्ने हो भने लाखौँ करोडौँको होला । त्यसैले सम्पूर्ण नागरिकको धन र समयको बचत गर्न "पुल" अति आवश्यक छ ।

आर्थिक लाभ

१. खोकनाको तोरीको तेल ज्यादै चर्चित छ । टौदह र खोकनाको शिवकालीमा पुल भएको भए तेलको व्यापार ज्यादै हुने थियो ।
२. खोकनावाट टौदहमा तरकारीका बोटबिरूवा र बिऊहरुमा धेरै बिक्री ।
३. बाघमती किनारका खोकना र टौदहका जनताका जग्गा र जमिनहरुको मूल्य वृद्धि हुने ।
४. शिवकाली धार्मिक स्थल र टौदह धार्मिक स्थल जाने दर्शनार्थीहरुवाट आर्थिक लाभ हुने ।
५. स्वदेशी र विदेशी पर्यटकहरुको बृद्धि हुने ।
६. पसल, होटेल राख्दा व्यवसायिक बृद्धि हुने र रोजगारहरु पाउने ।
७. गरिबी र बेरोजगारी घट्ने ।

पर्यटकीय :- खोकनाको शिवकाली, टौदह र चाल्नाखेलको चम्पादेवी यी ३ वटै स्थानहरु बाघमती नदी किनारमा रहेका छन् । डाँडाहरु र पहाडमा रहेको कारण पर्यटकीय हिसाबले सबैलाई आर्कषित गर्ने स्थानहरु हुन् । खोकनाको शिवकाली, रुद्रायणी र कार्यविनायकजस्ता प्रसिद्ध धार्मिक स्थानहरु पनि छन् । जहाँ हिन्दु धर्मावलम्बीलगायत अन्य सबै त्यहाँ अनिवार्य दर्शन गर्न चाहन्छन् । यो ज्यादै महत्वपूर्ण पर्यटकीय स्थानहरुलाई पुल निर्माणले ठूलो भूमिका खेल्ने छ । बडादशैँमा "शिवकाली"को दर्शन ज्यादै महत्व छ ।

टौदह :- प्राकृतिक दहका कारण धेरैलाई आर्कषित गर्दछ । अर्को धार्मिक कारण नागपञ्चमीका दिन टौदहमा कर्कोटक नागराजको वासस्थान भएकोले ज्यादै ऐतिहासिक, धार्मिक र पर्यटकीय छ । "पुल"को निर्माणबाट चर्चित पर्यटकीय स्थल हुनमा सहयोग पुग्ने ।

चाल्नाखेलको "चम्पादेवी":- ज्यादै उचाईमा रहेको पहाड र डाँडाहरु हुन् । नयाँ वर्षमा धार्मिक मन्यताअनुसार टौदहको पोखरीबाट जल लिएर चम्पादेवीमा चढाउने परम्परा छ । नयाँ वर्षमा वरपरलगायत भक्तपुर, ललितपुर र काठमाण्डौ डाँडाकाँडा गाउँहरुबाट चम्पादेवी दर्शन गर्न पुग्दछन् । हरियाली र पहाडका कारण स्वदेशी र विदेशीहरुका लागि पदयात्राको अति उत्तम स्थान हो । "पुल" निर्माणबाट पर्यटकीय क्षेत्रमा थप टेवा पुग्ने छ ।

८. पुलको स्थलगत सर्वेक्षण

यो नितान्त प्राविधिक ज्ञान हो । "पुल"को लागि यसको ज्ञान र दक्षता भएको व्यक्ति र संस्थालेमात्र गर्न सक्दछ ।

स्थानीय जनता र सृजना विकास केन्द्रमा यो सीप र जनशक्ति नभएको तथा सम्वन्धित विज्ञहरुलाई उचित पारिश्रमिक दिन नसकिने हुँदा नेपाल सरकार, भौतिक योजना तथा निमार्ण मन्त्रालयबाट "पुल"को निमार्ण गर्न स्थलगत सर्वेक्षणको लागि प्राविधिकहरु खटाउनको लागि अनुरोध गर्दछ ।

९. पुलको आकार

सम्वन्धित पक्षलाई मेरो ५९ औँ कृति "बाघमती नदी टौदह"को भाग पुलबाट यस प्रस्तावनाहरुमा उपत्यकामा निर्मित बाघमती "पुल"हरुको विविध आकारहरु/विवरणहरु समावेश गरेकी छु ।

१०. टौदह र खोकनाको शिवकालीमा पुल नहुँदामा केही मार्मिक अनुभवहरू

- यसैमा टौदह निवासी श्री न्हुछे वहादुर महर्जनले चार वर्ष हुँदा शिवकाली खोकना जानको लागि बाघमती नदी तर्न नसकेर पारि टौदह किनारमा बसेर टुलुटुलु हेर्दै "पुल" कल्पनाको मार्मिक कुराले मलाई ज्यादै मर्माहत गरेको छ।
- यसैगरी श्रीमती मीना के.सी. अब दशैँ आउन थाल्यो तर पारिवारिक चाडभन्दा पनि उनीलाई बाघमती पारि खोकनाको शिवकाली जान नदी कसरी तर्ने भन्ने चिन्ताले सताउन थालेको कुराले मलाई मर्माहत तुल्याएको छ।
- यस्तै गरी नित्यदिन आफ्नो गाईहरु बाघमती पारि खोकना शिवकालीको ठूलो फाँटमा चराउन लैजानु हुने किसान श्री नेत्रवहादुर के.सी., श्री लोकमान महर्जन, श्री राम महर्जन र श्रीमती चिनीमैया थापा आदिका वेदना र पीडा महसुस गर्दछु। २०६९/०६/२१ गते आईतवार मात्रै पनि वेलुका मेरी प्रिय वुहारी इन्द्रावती के.सी.को एउटा गाई बाघमती नदी पारिवाट नर्फकिँदा टर्च लिएर आफ्नो पति कुमार के.सी. सहित राति जोखिमपूर्ण बाघमती नदी तरेर कसरी गाई खोज्न गए होलान् भन्ने कल्पनाले मलाई तर्साएको थियो।
- एक छिन् श्री नेत्रबहादुर के.सी.को कुरावाट हसाउँन चाहन्छु। **"बाघमती नदी"**मा सहरबाट टौदहमा ल्याएको अनेक फोहोर वस्तुहरुले शरीर चिलाउने गर्दछ भन्नुभयो। पारिवाट फर्केपछि सावुनले खुट्टाहरु धुँदा चिलाउने पटक्कै नगएर एकदिन सिंगो सावुन नै सकेको सुनाउनु भयो। त्यसवेला म कुरा सुनेर हासेँ तर उहाँले एउटा सावुन १८ रूपैयाँ पर्छ भन्नुभयो, त्यो किन्न दूध र घरको अन्नवाली वेच्नुपर्दछ भन्नुभयो, जसले गर्दा म ज्यादै गम्भिर भएकी छु। पुल नभएको कारण टौदहका किसान, महिला र पुरुष कति रोगका शिकार भएका छन् र भइरहने छन्।

११. बाघमती नदीमाको पुलको विवरण

"बाघमती नदी"मा रहेका पुलहरूको विवरणहरू राख्न जरूरी छ। **"बाघमती नदी"**मा जम्मा कति पुलहरू छन्। पुलहरूसँग इतिहास गाँसिएका हुन्छन्। पुलले विभिन्न स्थानमा रहेका मानवहरूको धर्म, संस्कृति, भेषभूषा र भाषाहरूलाई जोड्ने गर्दछ।

वाघमती नदी यात्रा क्रममा यी पुलहरूमा हिँड्दाहिँड्दै ज्यादै रमाइलो अनुभवहरू प्राप्त भयो, खासगरी झुलुङ्गे पुलमा यात्रागर्दा पुल हल्लिँदा ज्यादै रमाईलो हुन्छ । पहिला सिमेन्टका पुल थिएनन् । सुन्दरीजल विकट ओखेनी वाघमती नदी किनारकिनार यात्रा गर्दा सुन्दरीजल गा.वि.स.कै ओखेनी र मूलखर्क जोड्नेमा एउटा सिमेन्टको पुल छ । तर यसको तसवीर त्यतिबेला मैले लिइनँ, पछिमात्र बुद्धि आएको जानकारी गराउँन चाहन्छु । यसमा जोरपाटीको सिमेन्ट पुलको तसवीर फोहोरको भागमा प्रस्तुत गरेकी छु । पुलहरूको नामावलीमा धेरै छुटफुट छन् । व्यवस्थित विवरण तयार गर्न मैले पुनः सुरु वाघद्वारदेखिको पैदलयात्रा गर्दै छैमलेसम्म पुग्नुपर्ने हुन्छ । यसको कारण पुस्तक प्रकाशनमा धेरै ढिला हुन्छ । त्यसै पनि मेरो वाघमती नदी अध्ययन यात्रा लगभग दुई वर्ष पुग्न थालेको छ ।

"बाघमती नदी"का पुलहरू

क्र.सं.		स्थान
१.	ओखेनी मूलखर्क सिमेन्ट पुल	सुन्दरीजल गा.वि.स
२.	सुन्दरीजल	सुन्दरीजल गा.वि.स.
३.	सुन्दरीजल	सुन्दरीजल गा.वि.स
		जम्मा - ३ वटा
४.	नयाँपाटी सिमेन्ट पुल	नयाँपाटी गा.वि.स.
५.	गोर्कणेश्वर ऐतिहासिक गाउँ	गोकर्णेश्वर गा.वि.स.
६.	गोकर्णेश्वर ऐतिहासिक फलामे पुल	गोकर्णेश्वर गा.वि.स
७.	गोकर्णेश्वर ऐतिहासिक काठे पुल	गोकर्णेश्वर गा.वि.स.
		जम्मा - ३ वटा
८.	गोकर्णेश्वर सिमेन्ट बाँधपुल	+ १ वटा
		४ वटा
९.	जोरपाटी सिमेन्ट पुल	जोरपाटी गा.वि.स १०.
१०.	गुह्येश्वरी फलामे पुल	गुह्येश्वरी
११.	गुह्वेश्वरी गौरीघाट सिमेन्ट पुल	गुह्येश्वरी
		जम्मा - २ वटा

१२.	पशुपति मृगस्थली आर्यघाट राम मन्दिर सिमेन्ट पुल	पशुपतिनाथ, का.म.न.पा.
१३.	पशुपति मृगस्थली आर्यघाट राम मन्दिर सिमेन्ट पुल	पशुपतिनाथ तिलगंगा, का.म.न.पा.
		जम्मा - ३ वटा
१४.	तिलगंगा सिमेन्ट पुल	तिलगंगा, का.म.न.पा
१५.	भीमसेनगोला सिनामंगल (भासिएको सिमेन्ट पुल)	भीमसेनगोला, का.म.न.पा
१६.	नयाँ निर्माण हुँदै गरेको पुल	भीमसेनगोला, का.म.न.पा
		जम्मा - २ वटा
१७.	एरपोर्ट रिङ्गरोड सुकुमवासी सुविधानगर फलामे पुल	शान्तिनगर, का.म.न.पा
१८.	तिनकुने सिमेन्ट पुल	तिनकुने शान्तिनगर, का.म.न.पा.
१९.	कोटेश्वर सिमेन्ट पुल	कोटेश्वर, का.म.न.पा.वडा नं. ३५
२०.	पुरानो फलामे पुल	कोटेश्वर, का.म.न.पा.वडा नं. ३५
२१.	नयाँ सिमेन्ट पुल	कोटेश्वर का.म.न.पा.वडा नं. ३५
२२.	ज्वाँगल बुद्धनगर सिमेन्ट पुल	ज्वाँगल, ललितपुर र बुद्धनगर, काठमाण्डौ
२३.	ज्वाँगल यु.एन. पार्कभित्रको फलामे पुल	ज्वाँगल, ललितपुर र बुद्धनगर, काठमाण्डौ
		जम्मा - २ वटा
२४.	शंखमूल फलामे पिलर किसिमको पुल	शंखमूल काठमाण्डौ र शंखमूल, ललितपुर
२५.	थापाथली कुपण्डोल सिमेन्ट पुल	ललितपुर र काठमाण्डौ
२६.	सँगै थापाथली कुपण्डोल अर्को सिमेन्ट पुल	ललितपुर र काठमाण्डौ
२७.	टेकु सानेपा नयाँ सिमेन्ट पुल	सुकुमवासी बस्तीबाट काठमाण्डौ र ललितपुर
२८.	टेकु सानेपा सिमेन्ट पुल	काठमाण्डौ र ललितपुर
२९.	सँगै झुलुङ्गे पुल	काठमाण्डौ र ललितपुर

२९.	सुन्दरीघाट र धोवीघाट झुलुङ्गे पुल	जम्मा - ३ वटा
३०.	चोभार, जलविनायक सैवु सिमेन्ट पुल	कीर्तिपुर र ललितपुर
३१.	चोभार, जलविनायक सैवु झुलुङ्गे पुल	कीर्तिपुर र ललितपुर
३२.	खोकना तौथली झुलुङ्गे पुल	खोकना गा.वि.स., ललितपुर र खोकना तौथली सेतीदेवी गा.वि.स, काठमाण्डौ
३३.	धमिले खोला झुलुङ्गे पुल	सेतीदेवी गा.वि.स. काठमाण्डौ र वुङ्मती गा.वि.स. ललितपुर
३४.	नैखण्डी फर्सीडोल झुलुङ्गे पुल	सेतीदेवी गा.वि.स. काठमाण्डौ र वुङ्मती गा.वि.स ललितपुर
३५.	डुकुछाप फलामे पुल	डुकुछाप गा.वि.स. ललितपुर र छैमले गा.वि.स., काठमाण्डौ
३६.	डुकुछाप झुलुङ्गे पुल	डुकुछाप गा.वि.स. ललितपुर र कोपु दक्षिणकाली गा.वि.स., काठमाण्डौ
३७.	देवीचौर नयाँ पुल निर्माण हुँदै	देवीचौर गा.वि.स. ललितपुर र छैमले गा.वि.स., काठमाण्डौ

ऐतिहासिक झुलङ्गे पुल

१. टेकु, सानेपा	२. सुन्दरीघाट, धोवीघाट	३. खोकना, तौथली
४. धमिले खोला	५. नैखण्डी र फर्सीडोल	६. डुकुछाप र कोपु

जम्मा ६ वटा

पशुपतिनाथ र शंखमूलमा पुरानो पुलको तसबीर संख्या २



सुन्दरीजल बाघमती पुल - सुन्दरीजल गा.वि.स. ।



सुन्दरीजल पुल - सुन्दरीजल गा.वि.स. ।

नयाँपाटी सिमेन्ट पुल - नयाँपाटी गा.वि.स. ।



गोकर्णेश्वर र ऐतिहासिक गाउँ जाने काठे पुल, गोकर्णेश्वर गा.वि.स. ।



फलामे पुल । गोकर्णेश्वर घाट ऐतिहासिक गाउँ जाने । गोकर्णेश्वर गा.वि.स. ।



गुह्येश्वरी र गौरी नगर गुह्येश्वरी-काठमाण्डौ महानगरपालिका ।



मृगस्थली, पशुपतिनाथ - पशुपतिनाथ काठमाण्डौ महानगरपालिका ।

पशुपतिनाथ, तीलगंगा, पशुपतिनाथ, वडा नं. ८, काठमाण्डौ महानगरपालिका ।



भीमसेनगोला, सिनामंगल भासिएको पहिलो पुलसँगै नव निर्माण हुन लागेको पुलको झलक, काठमाण्डौ महानगरपालिका ।

शंखमूल, फलामे पुल । ललितपुर र काठमाण्डौ जिल्ला ।



थापाथली, कुपण्डोल, दुईवटा पुलसँगै छन् । ललितपुर र काठमाण्डौ जिल्ला पुलमुनी बग्दै गरेकी बाघमती नदी ।



टेकु र सानेपा, झुलुङ्गे पुलसँगै सिमेन्ट पुल पनि छ । काठमाण्डौ र ललितपुर जिल्ला ।



ज्वाँगल यु.एन. पार्क र बुद्धनगर, काठमाण्डौ र ललितपुरको फलामे पुल।



सुन्दरीघाट र धोबीघाट, झुलुङ्गे पुल ललितपुर र कीर्तिपुर नगरपालिका।



बल्खु, सानेपा, चोकसँगैको पुल । काठमाण्डौ र ललितपुर जिल्ला, बग्दै गरेकी बाघमती नदी ।



कीर्तिपुर, जलविनायक, फलामे र सिमेन्ट दुई पुल । चोभार, कीर्तिपुर नगरपालिका र सैबु, भैंसेपाटी गा.वि.स., ललितपुर ।

यो पुलमा समावेश छैन । किसानहरूद्वारा अस्थाई निर्मित पुल हो । शिवकाली खोकना ललितपुर र ग्वालदह, चाल्नाखेल गा.वि.स. काठमाण्डौमा पर्दछ ।



खोकना, तौथली झुलुङ्गे पुल । खोकना गा.वि.स. ललितपुर र तौथली सेतीदेवी गा.वि.स काठमाण्डौ । प्रधानमन्त्री चन्द्र शम्शेरले निर्माण गराउनु भएको ।



"बाघमती नदी" किनारमा मनमोहक फुलेका पहेँला तोरीहरू । सेतीदेवी गा.वि.स. । भैरव डाँडा, खारपानी वुङ्मती गा.वि.स. ललितपुरमा रहेको झुलुङ्गे पुल "एक पुल यस्तो पनि"

फर्सीडोल, वुङ्मती गा.वि.स. ललितपुर जिल्ला र नैखण्डी सेतीदेवी गा.वि.स.को झोलुङ्गे पुल ।



डुकुछाप, ललितपुर जिल्लावाट छैमले गा.वि.स. काठमाण्डौ जोड्ने सानो पुल । डुकुछापमा वग्दै गरेकी वाघमती नदीको दृश्य ।



कोपु गाउँ, दक्षिणकाली गा.वि.स. काठमाण्डौ जिल्ला र डुकुछाप, डुकुछाप गा.वि.स. ललितपुरमा रहेको झुलुङ्गे पुल ।

पशुपतिनाथ पुलको पुरानो दृश्य



हिमालयन बैंक लि. २०६९ मा प्रकाशित बाघमती नदी पुलको पुरानो दृश्य ।

यो पशुपतिनाथको बाघमती नदीमा रहेको पुरानो पुलको दृश्य हिमालयन बैंक लि.बाट प्रकाशित २०६९ को क्यालेण्डरबाट समावेश गरेकी छु । यो तसबीर १९०१ ऐ.डि.मा खिचिएको रहेछ । यो तसबीरबाट पशुपतिनाथ र बाघमती नदीको त्यो समयको दृश्य देख्न सक्दछौं ।



(७० वर्ष अगाडिको पुरानो पुलको दृश्य ।)

तसबीर प्राप्त : *श्री बागमती सेवा समिति, शंखमूल*

"शंखमूल"मा काठमाण्डौ र ललितपुर जोड्ने पुलको तसबीर । यो तसबीर शंखमूलमा रहेको छ । "श्री बागमती सेवा समिति" संस्थाको कक्षबाट संकलित तसबीर ।

११. सृजना विकास केन्द्रको परिचय

२०४५ साल वारा, नुवाकोट, काभ्रे, काठमाडौंका ग्रामिण र सहरी महिलाहरू काठमाण्डौ कान्तिपथको होटल हिमालय भ्यूमा थाइल्याण्डको **Y.M.C.A.** का महासचिव भोराकिटद्वारा आर्थिक सहयोगमा ३ तीन दिने तालिम सञ्चालन भएको कार्यक्रममा सबैको छलफलवाट सृजना विकास केन्द्रको नाम चयन गरी श्रीमती झम्का खत्रीको गाउँको घरमा खड्का भद्रकाली गा.वि.स. मा राख्ने सहमतिमा यो संस्था २०४५ सालमा स्थापना भयो ।

२०४५ सालदेखि आर्थिक स्तर कमजोर भएका महिलालाई निःशुल्क कानूनी सहयोग दिने कार्यक्रमको सुरूवात गऱ्यो । त्यो वेला काठमाडौं जिल्ला प्रशासनमा २०४५ सालमा दर्ता प्रकृयामा रहेको यस संस्थाले २०४६ सालमा कानूनी रूपमा दर्ता प्रमाणपत्र प्राप्त गऱ्यो ।

यसले सुरूवातमा आफ्नो कार्यक्षेत्र नुवाकोटको तामाङ समुदायलाई वनायो क्रमशः रसुवा र तराईमा वारा जिल्लाको थारू समुदायमा कार्यको थालनी गऱ्यो ।

यसले दात्री संस्थाहरू अक्सफम, हेलभिटास, एम.एस. नेपाल, सेसी, क्यानिडिएन कोर्पेसन, ग्लोवल फण्ड, एपिएचडी, सेभ द चिल्ड्रेन यु.एस.ए. र आइ.एल.ओ. सँग साझेदारीमा काम गऱ्यो । २०५२ सालदेखि संस्थावाट पुस्तकहरू लेखन र प्रकाशन गर्दै त्यसको स्रोतवाट सामाजिक सेवाको कार्य गर्दै आएको छ ।

लामो समयपछि २०६६ सालमा सृजना विकास केन्द्रको शाखा कार्यालय मार्फत वीरगञ्जको आदिवासी थारूहरुको खोसिएको ऐतिहासिक रामजानकी मन्दिर र थारू धर्मशाला संरक्षण गर्न ऐक्सन एण्ड नेपालले काठमाडौंमा एकदिन कार्यक्रम गर्न आर्थिक अनुदान दिएको थियो ।

स्थलगत तसबीर सहित लेखन

श्री रुद्रायणी मन्दिर । देवीसतीको घाँटीको रुद्राक्षको माला खसेको स्थान । खोकना, खोकना गा.वि.स., ललितपुर ।



खोकना गा.वि.स.को कलात्मक कार्यालय, खोकना, ललितपुर ।



पूर्व शिवकाली डाँडा खोकना ललितपुरबीचमा बग्दै गरेकी बाघमती नदी, पश्चिम टौदह, दक्षिण पश्चिम अग्ला पहाडहरु चम्पादेवी, बोसन डाँडा, चाल्नाखेल गा.वि.स. काठमाण्डौ । "पुल"को लागि स्थलको विवरण तसवीर ।



काठमाण्डौ, कीर्तिपुर न.पा. वडा नं. १५ पश्चिम टौदह । उचाईमा टौदहको वस्तीको झलक, तल बाघमती बग्दै सँगैको फाँट र खेतहरु । पूर्व खोकना शिवकाली फाँट खोकना गा.वि.स. ललितपुर "पुल" निर्माणको उपयुक्त स्थान विवरणको तसवीर ।



पूर्वतर्फ उचाईको डाँडा शिवकाली, खोकना गा.वि.स. उत्तर दक्षिण वरदै गरेकी। वाघमती नदी पश्चिम टौदह कीर्तिपुर । उत्तरका दृश्य चोभार, भैंसेपाटी गा.वि.स., ललितपुर ।



"पुल" उपयुक्त स्थान विवरण । पूर्व शिवकाली खोकना, ललितपुरको फाँटबीचमा बाघमती नदी बरदै पश्चिम कीर्तिपुर नगरपालिका वडा नं. १५ टौदहको फाँट ।



पूर्व शिवकाली खोकना ललितपुरवीचमा वग्दै गरेकी वाघमती नदी । पश्चिम वाघमती नदीतर्फ गएको मोटर जाने वाटो । श्री हरि महर्जन र श्री विष्णु महर्जनको घरसँगै फराकिलो वाटो । "पुल" निर्माण गर्दा वाघमती किनारमा सडक निर्माण पहिले नै रहेको विवरण तसवीर ।

श्री लोकमान महर्जनको घरसँगै वाघमती नदीतर्फ जाने ठूलो फराकिलो मोटर वाटोको तसवीर । "पुल" निर्माण हुँदा सडक वाटो पहिलो आवश्यकता टौदहमा पहिले नै रहेको ।

"पुल" निर्माणलाई आवश्यक बाटो "टौदह"मा पहिले नै भएको । यो अर्को मोटर जाने बाटो बाघमती नदीतर्फ जान्छ ।

"टौदह" बाघमती नदी किनारमा सडक बाटो पहिले भएको तसबीर । "पुल"को अति आवश्यक पूर्वाधार बाटो "टौदह"मा पहिले नै रहेको छ ।

"बाघमती नदी"तर्फ जाने मोटर जाने बाटो । श्रीमती गंगादेवी नगरकोटी घरसँगै फराकिलो उत्तरको बाटो वल्खु र फर्पिङ दक्षिणकाली मुख्य पीचसडकमा छुन्छ । "पुल"को लागि सडक पूर्वाधार टौदहमा पहिले नै रहेको छ ।



श्रीमती गंगा नगरकोटीसँगै घर भएको यो सडक बाघमती नदी दक्षिण गएको छ ।



"खड्का वस्ती", टौदह । यो बाघमती नदीतर्फ जाने अर्को सडक बाटो हो । श्री खडकबहादुर खड्का र कान्छा खड्काको घरसँगै यो सडक बाटो "महर्जन" वस्ती हुँदै बाघमती नदी फाँट पुग्दछ । टौदहमा "पुल" निर्माणको लागि पूर्वाधार सडक बाटो पहिले भएको छ ।



"खड्का वस्ती" श्री विष्णु खड्का, श्री कपिल खड्का र फोटोग्राफर श्री शिव खड्काको घरसँगै बाघमती नदीतर्फ जाने सडक बाटो गएको । यो बाटो उत्तर र पश्चिम हुँदै मुख्य बल्खु र फर्पिङ दक्षिणकाली पीचसडकमा पुग्दछ । "पुल" निर्माणको लागि सडक पहिला नै छ ।

"बाघमती नदी"तर्फ गएको टौदक निवासी श्रीमती गंगा नगरकोटीको घरसँगैको मोटर जाने फराकिलो सडक । "पुल" निर्माणको टौदहमा पूर्वाधार सडक पहिले नै निर्माण भएको छ । यो सडक चक्रपथ वल्लुदेखि फर्पिङ दक्षिणकाली मुख्य पीचसडकसँग जोडिन्छ ।

टौदह, बाघमती नदी किनारमा निर्माण भएको मोटर जाने बाटो । यसको पूर्व र दक्षिणतर्फ बग्दै गरेको बाघमती नदी । "पुल" निर्माणको अति आवश्यक सडक टौदहमा रहेको छ ।



टौदह, "महर्जन वस्ती" । श्री राम महर्जनको घरसँगै भएको बाघमती नदीतर्फको मोटर बाटोको तसबीर । "पुल"को लागि बाटो भएको ।



टौदह, कीर्तिपुर बाघमती नदीको पश्चिम र पूर्वतर्फ ऐतिहासिक र धार्मिक खोकनाको दृश्य । खोकना गा.वि.स., ललितपुर ।



"पुल" निर्माण हुने वाघमती नदीपारि पूर्व र दक्षिण ऐतिहासिक, पर्यटकीय धार्मिक र साँस्कृतिक प्रसिद्ध "शिवकाली"को तसवीर । "पुल" निर्माणको प्रमुख उदेश्य "शिवकाली"को ऐतिहासिकता र धार्मिकता हो ।



"पुल" निर्माण हुने बाघमती नदीको दक्षिण र पश्चिम, खहरे बोसन पर्दछ । "पुल" निर्माणको मुख्य उदेश्य चाल्नाखेल गा.वि.स. काठमाण्डौमा भएको उच्च पहाडमा रहेको "चम्पादेवी" हो । पर्यटकीय, ऐतिहासिक, धार्मिक र साँस्कृतिक पक्षले "पुल" निर्माण हुने स्थानको तसबीर ।



बाघमती नदी वग्दै। टौदह कीर्तिपुर नगरपालिका वडा नं. १५ को नदीको फाँट र महर्जन वस्ती। "पुल" निर्माणको मुख्य उदेश्य टौदह र शिवकाली खोकनामा कुनै पुल नभएको।



बाघमती नदी किनार श्री वद्री खड्का र श्री केदार खड्काको घरसँगै गएको वाटो। "पुल" निर्माणको लागि टौदहमा पूर्वाधार सडकहरु प्रसस्तै भएको तसबीर।

श्री ... सरकार
नेपाल मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
काठमाडौं
पूर्व सम्पादन

द. नं. ६१/०५६/०५८

मिति २०५६/५/२६

प्रमाण पत्र

श्री अध्यक्ष ज्यू,
श्रृजना विकास केन्द्र
काठमाडौं

"श्रृजना विकास केन्द्र" नामक संघ संस्था दर्ता ऐन २०३४ को दर्जा (४) बमोजिम मिति २०५६ । ५ । २६ । गते दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

स्थानीय अधिकारीको सही:- ...
पूरा नाम:- ...
दर्जा:- ...
कार्यालय:-
मिति:-

प्रष्टव्य: यो प्रमाणपत्र हरेक आर्थिक वर्ष भित्र नवीकरण गर्नु पर्ने छ ।

नवीकरण

नवीकरण गरेको मिति	नवीकरणको बहाल रहेको अवधि	नवीकरण दस्तुर	नवीकरण गर्ने अधिकारीको दस्तखत
२०५०/...	२०५०/...	०५५०/-	[illegible]
०५५/...	०५४ आषाढ	रु.५,०५०/-	[illegible]
२०५५/...	२०५५ आषाढ	रु ५००/-	[illegible]
२०५५-१२-१५	०५६ आषाढ सम्म	रु ७५०/-	[illegible]
२०५६/५/२६	२०५९ आषाढ	रु. २५००/-	[illegible]

श्री ५ को सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

सिंहदरबार, काठमाडौं

सम्मान-पत्र

श्री सृजना विकास केन्द्र,
बालाजु, काठमाडौं ।

लामो समयदेखि समाज सेवा जस्तो मानवीय सत्कार्यमा समर्पित भै त्यस संस्थाले पुऱ्याएको उत्कृष्ट योगदानको कदर स्वरुप यो सम्मान-पत्र सहित नगद रु. २५,०००।- (पच्चीस हजार) को "राष्ट्रिय दलित महिला सेवा पुरस्कार" प्रदान गरिएको छ ।

भविष्यमा पनि यस्तो पवित्र कार्यमा अनवरत अग्रसर रही समाज सेवाको क्षेत्रमा अझ बढी योगदान पुऱ्याउँदै जाने अपेक्षा श्री ५ को सरकारले गरेको छ ।

(कृष्ण प्रसाद शर्मा भण्डारी)
निजि सचिव
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

(शेर बहादुर देउवा)
प्रधानमन्त्री
एवं
महिला, बालबालिका तथा समाज कल्याण मन्त्री

मिति : २०६८।७।२

श्री ५ को सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

राष्ट्रिय प्रतिभा पुरस्कार

श्री शान्ति चौधरी

जिल्ला: काठमाडौं अञ्चल: वागमती

साहित्य (कविता) को क्षेत्रमा गनुभएको साधना र योगदानको कदर गर्दै राष्ट्रको गौरव वृद्धिमा तपाईंको प्रतिभा अझ बढी क्रियाशील हुन सकोस् भन्ने शुभकामना सहित तपाईंलाई वि.सं. २०५६ को पारिजात राष्ट्रिय प्रतिभा पुरस्कारद्वारा सम्मानित गरिएको छ।

मिति : २०५७ असार २९ गते

(तारिणीदत्त चटौत)

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री



Ashoka : Innovators for the Public

an international professional association of public entrepreneurs

In recognition of innovative contributions to public sector

Shanti Choudhary

has been elected a lifetime member of the Ashoka Fellowship.

William Drayton, President

April 10 1995

Date

This is to certify that Ms. SHANTI CHOWDHURY, Chairman, Gramin Yuwa Club, Ward No. 7, Narai Village Panchayat, Bara District, NEPAL has participated in the training programme for Rural Youth Leaders for mobilization and participation of youths in National Development jointly sponsored by Bangladesh Jatiya Jubo Sangstha, Ministry for Youth Development, Government of the People's Republic of Bangladesh and Economic and Social Commission for Asia and Pacific, (ESCAP) United Nations, at Comilla, Bangladesh from 5th January - 31st January, 1981.

Hedayat Ahmed
Secretary
Ministry for Youth Development
Government of the People's Republic of Bangladesh.

Dr. Larry C.Y. Cheah
Officer-in-Charge of Youth Development
Social Development Division, ESCAP
UNITED NATIONS.

टोंदह, शिवकाली र चम्पादेवीमा बाघमती पुल

niesbud

NATIONAL INSTITUTE FOR ENTREPRENEURSHIP AND SMALL BUSINESS DEVELOPMENT

NSIC-PDTC CAMPUS, OKHLA, INDUSTRIAL ESTATE,
NEW DELHI-110020, INDIA

This certificate is awarded to MS. SHANTI CHAUDHARY

after successful completion of INTERNATIONAL PROGRAMME ON ENTREPRENEURSHIP DEVELOPMENT & PROMOTION OF INCOME GENERATION ACTIVITIES (ED-PIGA)

held at New Delhi (INDIA) *from* 1st JAN. *to* 11th FEB. 1996

DATED 11th Fab. 1996 COURSE DIRECTOR EXECUTIVE DIRECTOR

भाग - २

बागमती नदी लिखित प्रकार र सम्बोधन

१. **वागमती** सेवा समिति - संस्था - शंखमूल, ललितपुर ।
२. अधिकार सम्पन्न **वाग्मती** सभ्यता एकीकृत विकास समिति - गुह्येश्वरी, काठमाण्डौ (नेपाल सरकार)।
३. ०६८ फागुन ८, महान् शिवरात्री सम्वन्धमा राष्ट्रिय दैनिक कान्तिपुरमा प्रकाशित "**वाग्मती**" ।
४. जनजिब्रोमा "वागमती" र लेखन "**वागमती**" ।
५. बूढानीलकण्ठ निवासी लेखक श्री नरप्रसाद धितालज्यू - लेखाइ वाक्मती"।
६. यस सम्बन्धको पहिलो पुस्तक लेखक श्री मदनमिश्र **"नेपाली संस्कृतिमा वागमती एक विहङ्गम दृष्टि"** ।
७. श्री शान्ति चौधरी "**आमा**" - "बाघमती" ।

बाघमती नदीको उत्पत्ति स्थान "बाघद्वार"

माथि उल्लेखित संक्षिप्त बुँदाहरूबाट "**बाघमती नदी**" को ऐतिहासिक, धार्मिक र सांस्कृतिक पक्ष प्रस्तुत गरेकी छु । यसबाट हाल हामीले सम्वोधन गरिएको "**बागमती नदी**" को उत्पत्ति स्थल "**बाघद्वार**"बाट निस्केकीले "बाघमती" हो । कि(नभने नदीको उद्गमस्थल "**बाघद्वार**" हो ।

अर्को तर्क "बाघ"को मुखबाट बाघमतीको जल खस्ने हुनाले "**बाघमती**" नै हुनुपर्दछ । ऐतिहासिक, धार्मिक पक्षअनुसार स्व. राजा रणबहादुर शाहले वर्तमान पुजारी "**बाघद्वार**"का श्री वमबहादुर लामाको ४ पुस्ता अगाडिलाई नै पित्तलमा कुँदिएका "**धारा**" र "**बाघ**" भएको "**बागमती**" उत्पत्ति स्थलमा राख्न दिनुभएका ठोस प्रमाणहरू छन् । यसबाट पनि मैले "**बागद्वार**" नलेखी प्रमाण र अध्ययनको आधारमा "**बाघद्वार**" लेखेकी छु । यसबाट "बागमती नदी" पक्कै पनि "**बाघमती नदी**" हुनुपर्दछ भन्ने मेरा अध्ययन र प्रमाणहरू पेश छन् ।

"बाघमती नदी" एवं "बाघद्वार" प्राकृतिक पक्ष

"बाघद्वार" को जलश्रोत त्यहाँ पहाडमा रहेका पानीको ३ वटा प्वालहरू छन्। यही मूल श्रोत हो। त्यहाँ नुहाउनाले रोगहरू निको हुन्छन्।

"बाघद्वार" उपत्यकाको उत्तरी क्षेत्र, उच्च पहाड र घना वन क्षेत्रमा अवस्थित छ। त्यसैले यहाँको जल निर्मल र कञ्चन छ।
"बाघमती नदी" उद्गमस्थल "बाघद्वार" चपली भद्रकाली गा.वि.स. वडा नं. ५, काठमाण्डौं जिल्लामा पर्दछ।

डुंगा र चरी

म आफ्नो तनलाई डुंगा
र, यो मनलाई पतवार बनाएर
मेरो अगाडिको बाघमती नदीमा
खियाउँदै, खियाउँदै, म पारि
खोकना शिवकालीमा पुग्दछु
त्यो सुन्दर पवित्रस्थलमा
आफ्नो कलम लिएर बस्दछु
म भित्र अनेक कविताहरु
स्वतः त्यहाँ प्रस्फुटन हुन्छन्
म तिनीहरुलाई कागजमा कोर्दछु
म, त्यसपछि चम्पादेवी पुग्न चाहन्छु
आफ्नो अगाडिको त्यो सुन्दर पहाड
त्यो चम्पादेवीको हरियालीहरु नियाल्दछु
मेरो अगाडि उही बाघमती नदी
कलकल गरी बगिरहेकी छिन्
म हुन्छु धेरै लाचार म तर्न सक्दिन
म फेरि आफ्नो तनलाई डुंगा
अनि, यो मनलाई पतवार बनाएर
मेरो अगाडिको बाघमती नदीलाई तर्दछु
अनि, विस्तारै, विस्तारै पाइलाहरु चाल्दै
म चम्पादेवीको पहाडमा पुग्दछु

र, म त्यही चम्पादेवीको पाउमा बस्दछु
त्यहाँ स्वतः अनेक कविताहरु
मसँगका सेता अनेक कागजहरुमा
चम्पादेवीका डाँडा र वन पाखाहरु
अक्षर, अक्षर बनी बोलिरहेकी पाउँदछु
सुन्दर कविताहरु स्वतः बनेकी देख्दछु
ओहो ! साँझ पर्न थालेको रहेछ
म आफ्नो बासस्थान महान् टौदहमा
चाँडोभन्दा चाँडो फर्किन चाहन्छु
अनि, म आफ्नो शरीरलाई चरी बनाउँदछु
कल्पनामा दुईवटा पखेटा हाल्दछु
र आफ्नो मनलाई उडाउँदछु
आकाशमाथिबाट उड्दाउड्दा
मेरी प्राकृतिक र धार्मिक टौदह
जून लागेको रातमा झलमल र कञ्चन
र उनको त्यो मनमोहक दृश्य देखी
म आफ्नो बासस्थान जान बिर्सिन्छु
म त्यही मनमोहक दहमा ओर्लिन्छु
र टौदह दहको किनारमा बसी
म कविताहरु रच्न थाल्दछु
तर फेरि मलाई बाघमती नदी पारि
उही पवित्र शिवकाली जान मन लाग्दछ
म फेरि आफूलाई एउटा डुंगा बनाउँदछु
र यो मनलाई डुंगाको पतवार
अनि बाघमती नदीमा खियाउँदै खियाउँदै
प्राकृतिक र ऐतिहासिक शिवकाली पुग्दछु
यसरी म कहिले आफूलाई डुंगा र चरी
प्रत्येक पल बनाएर बाघमती, शिवकाली, टौदह र चम्पादेवी
यसरी म पानीको घट्ट झैं घुमिरहेकी हुन्छु ।

प्रश्न ?

म प्रत्येक पल
पानीको घट्ट झैं
घुमिरहेकी हुन्छु।

बाघमती नदी, टौदह,
शिवकाली, चम्पादेवी र म
आफैंमा घुमिरहेकी हुन्छु।

यी चारै धार्मिकस्थल
मेरा को हुन्?
प्रश्नले पिरोलीरहेको हुन्छ।

पवित्र प्रेम

मेरो कुनै रगतको नाता छैन
तर, म प्रेम गर्दछु यी सबैसँग
बाघमती, टौदह, शिवकाली र चम्पादेवीसँग।

सच्चा प्रेम र पवित्र प्रेम
मेरो छ यी चारवटैसँग
त्यसैले रातदिन यी हुन्छन् मसँग।

पुल

मेरी पवित्र र धार्मिक बाघमती नदी
तिम्रै हुँ, म पनि एउटा जोड्ने पुल
म आफ्नो निरन्तर पैदल यात्राले अबसम्म
तिम्रो उत्पत्तिदेखि जोडेकी छु अनेक सम्बन्ध
अनि उपत्यकाको अन्तिमसम्म बनेकी छु एउटा पुल।

प्राकृतिक, धार्मिक र साँस्कृतिक
बाघमती नदी म बनेकी छु तिम्रै एउटा पुल
म आफ्नो लेखनहरुले जोड्ने गर्दछु निरन्तर
प्रकृति र मानवका विविध यस सृष्टीका अनेक धरोहर
उपत्यकाका मानव र प्रकृति तिम्रै हुन् रंगीबिरंगी फूल ।

मेरी परम्पवित्र सबको जीवनरक्षक बाघमती
सबै नदीहरुमध्ये तिमी आलौकिक कति
तिम्रो विकास र उत्थानमा बर्नें म एउटा पुल
त्यसैले तिम्रो रक्षकहरुलाई भेट्ने प्रयास गर्दछु
म ती सबलाई जोड्नेछु तिम्रो बनी एक पुल ।

साझा पुल

म कल्पना मै टौदहको ईश्वर
देख्दछु म नागराज कर्कोटक
त्यसैले मैले बाघमती नदी तर्न
बाघमती नदीमा बनेकी देख्दछु पुल ।

तर पुल कर्कोटक नागराजलाई
मैले हुँदैन वर्षाको ईश्वरमा टेक्न
यी सब हुन् शिरमाथि पूजेर राख्न
त्यसैले निर्माण गर्नु छ साझा पुल ।

म एक्लैलाई आफ्नो स्वार्थ गर्न पूर्ण
एउटा व्यक्तिगत राख्न हुन्न पुल
हुँदैन, हुँदैन यो मनलाई समेत बनाउन पुल
म गर्नेछु निर्माण सबलाई हुने साझा पुल ।

बाघमती नदी

बाघमती नदी
उनी केवल नदी होइनन्
हो मेरी कविता
देख्दै उनीलाई
प्रस्फुटन हुन्छन्
अनेक कविता।

बाघमती नदी
उनी केवल नदी होइनन्
उनी हुन् मेरी शान्ति
देख्दै उनीलाई
कलम चल्दछन्
बन्दछन् कविता।

बाघमती नदी
उनी केवल नदी होइनन्
मेरी ज्ञानकी स्रोत हुन् उनी
देख्दै उनीलाई
प्रेरणा मिल्दछ
महान् हौ तिमी।

जोड्ने पुल

यो मन उडिरहन्छ
अनि यो मेरो तन
एउटा पुल बनिरहन्छ
बाघमती नदीमा पुल
केवल यो मेरो मन
एउटा पुल बनिरहन्छ
सपना र बिपनामा
सबैलाई जोड्ने

एउटा पुल
शिवकाली र टौदह
चम्पादेवी बीचको पुल
बाघमती नदीको पुल
बनेको देखीरहन्छ ।

दर्शन

त्यो शिवपुरीको उत्तर उच्च पहाड
बाघमती नदी, तिम्रो त्यो उत्पत्ति द्वार
त्यहींबाट नागबेली यात्राहरु गर्दै अनेक
तिमी टौदहमा छौ मेरो नजर माझ ।

म नित्यदिन तिम्रो कलकल
ध्वनि सुन्दछु तिम्रो सुमधुर
म नित्यदिन दर्शन गर्दछु तिम्रो साक्षत्
तिमी हौ उपत्यकाको मूल धरोहर ।

इन्द्र धनुष

बाघमती नदी तिम्रो नागबेली बगाई
मृग झैं चालको तालहरु मिलाई
कलकल ध्वनि कविता हौ मेरी तिमी
बाघमती नदी इन्द्रधनूष उपत्यकाको भूमिकी ।

तिमी प्रकृति, प्राकृतिक सौन्दर्यकी धनी
तिमी अनुपम सृजना यस पृथ्वी की
तिमी अलौकिक छौ, वर्णन गर्नै गाह्रो कति
उपत्यकाको हौ मेरुदण्ड बाघमती नदी तिमी ।

टौदह र शिवकाली जोड्न

खोकनाको शिवकाली
समुद्र झैं गहिरो
बन्दै गईरहेकी छिन
म यता बाघमती पारि
तिम्रै कल्पना गर्दै टौदहमा
तिमीलाई अध्ययन गर्न
म बाघमती नदीमा
एउटा वास्तविक पुलको
रेखाचित्र कोर्दछु
तिमी काहाँ पुग्न
एउटा पुल चाहिन्छ
टौदह र शिवकाली जोड्न ।

साक्षत् शिव र गौरी

मेरी बाघमती नदी टौदहमा
टौदहको ऐतिहासिक भूमिलाई
उर्वरा र पवित्र बनाउँदै बगेकी
जब म यो यात्राको सुन्दर दृश्यलाई हेर्दछु
आहा ! मेरी टौदह कति भाग्यमानी
साक्षत् बाघमती नदी, शिव र गौरी
सललल बगिरहेकी देख्दछु ।

बाघमती तिम्रै किनारको डाँडामा
साक्षत् शिवकाली धार्मिकभूमि
अनेकौं अमूल्य जडीबुटीहरुको चम्पादेवी
आहा ! मेरी टौदहको प्राकृतिक दह हेरी
ज्ञान हुन् शिवकाली, चम्पादेवी सबै मेरी
आहा ! मेरो स्वर्ग हो पवित्र बाघमती
मेरो काम र कर्तव्यहरु सबै तिमी ।

अलौकिक बाघमती नदी

म नित्यदिन
जीउनको लागि
पिउनको लागि
र, सफा हुनको लागि
म जाने गर्दछु
साझा सार्वजनिक धारा
म बाल्टिनमा पानी थाप्दै
मेरो अगाडिको बाघमती नदीलाई
उभिएर हेरिरहन्छु
मनै मनले भन्दछु
ओहो ! म कति भाग्यमानी
म नित्यदिन गर्दछु दर्शन
मेरी अलौकिक बाघमतीलाई ।

भाग - ३

"टौदह" परिचय

"टौदह" एउटा ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थान हो। यो काठमाण्डौको दक्षिणतर्फ पर्दछ । यसको निर्माता पनि बोधिसत्व महा-मञ्जुश्री भएको यहाँ वर्णन गर्न गइरहेकी छु । महा-मञ्जुश्रीले उपत्यकामा मानव वस्ती बसाउन यहाँको जललाई निकास दिन चोभारको पहाड काटेपछि, दहमा रहेका नाग र जलचरहरू बाहिर वग्न थाले। त्यसै क्रममा महा-मञ्जुश्रीले "कर्कोटक नागराज" लाई उपत्यकाको सम्पूर्ण धन सम्पत्तिको जिम्मा दिई मेस संक्रान्ति (वैशाख) मा हालको "टौदह" दह निर्माण गरी वस्न लगाए । त्यही वेला महा-मञ्जुश्रीले स्वयम्भूको विश्वरूपको दर्शन पाए ।

"टौदह" प्राकृतिक निर्मित सुन्दर ताल हो । उपत्यका निर्माणसँग "टौदह"को इतिहाससँगै गाँसिएको छ ।

टउ-दह पोखरीको निर्माण

मेरो पुस्तकको शीर्षक "**बाघमती नदी र टौदह**" रहेको छ। "टौदह" निर्माणको अर्को पक्षबारे प्रस्तुत गर्न गइरहेकी छु । पुस्तकको नाम "लुकेको नेपाल" लेखक प्रणाय पासा हुनुहुन्छ। यो पुस्तक ०६१ असार २३ गते प्रकाशन भएको छ। यसैको अध्याय ९ मा "ठकुरी राजवंशहरू" मा "टउ-दह" अथवा "टौदह" लाई पोखरी भनिएको छ। यसको निर्माण महेन्द्रसरको हो भनिएको छ ।

यसमा यसरी वर्णन गरिएको छ । चोभारवाट दक्षिण भागलाई "**टउ-दह**" भनिन्छ। महेन्द्र देव युवराज छँदा यसलाई आफैले निर्माण गर्न लगाए । यो गोपाल वंशावलीमा उल्लेख छ। यो पोखरी वनाउने मजदुरहरूलाई ज्यालामा एक दाम प्रति व्यक्तिलाई दिइएको भन्ने लेखिएको छ। सम्वत् २०३९ वैशाख शुक्ल पूर्णिमाको दिन "टउ-दह" पोखरीको नाम "महेन्द्रसर" राखी शिल्यान्यास गरिएको यस पोखरीमा उहाँले धार्मिक नाग कर्कोटक राख्नु भयो ।

पाठकवर्ग कीर्तिपुर वडा नं. १५ मा रहेको "टौदह"को यो अर्को पक्षको इतिहास पनि समावेश गरेकी छु। यथार्थमा यसको गहिरो अनुसन्धान हुनुपर्दछ ।

अमूल्य प्रसिद्धी

हे टौदहबासी
हुनुहुन्छ यहाँहरु भूमिपति
र यही भूमिले धनपति
तर छैनन् यहाँहरुसँग
बाघमती नदी, टौदह, शिवकाली र चम्पादेवी
सच्चा प्रेम, समर्पण र सेवा
गरेमात्र प्राप्त हुन्छ प्रसिद्धी
धन, महल, भवन, सुन र चाँदी
यी सबले कहाँ खुसी हुन्छिन् प्रकृति
प्रकृति ईश्वरको हो रुप
बाघमती, टौदह, शिवकाली र चम्पादेवी
यिनै हुन् मेरो जीवनको सम्पत्ति
यसैको सेवाबाट मैले पाउनेछु
एकदिन ठूलो अमूल्य प्रसिद्धी ।

टौदहको दर्शन

मेरो मनोकामना थियो कुनैदिन
हेर्ने नित्यदिन प्राकृतिक टौदह
तिमी साक्षत् हौ मेरो भाग्य ।

यसरी प्राकृतिक टौदह मेरो सृजना
ऐतिहासिक टौदह मेरो प्रेरणा
म नित्यदिन गर्दछु तिम्रै मंगलकामना ।

म नित्यदिन टौदहलाई हेर्दै हिँड्छु
मनमा आउने कुविचारहरु हटाउँदछु
कुविचारहरु हटेपछि म राम्री बन्छु ।

टौदह एउटा सुन्दर मन बनाउन
नित्यदिन तिम्रो होस् दर्शन
मनोकामना छ नित्य तिम्रो दर्शन ।

टौदहको ऐना

टौदहको दह हो मेरो ऐना
प्राकृतिक सुन्दर दिगो ऐना
म हेर्दछु आफूलाई त्यहीं ।

टौदहको प्राकृतिक ऐनामा
हुन्छ हात्तिवन पहाडको छवी
दहमा पौडिरहेकी पहाड चम्पादेवी ।

अनेक प्राकृतिक दृश्यहरु
टौदहको दहमा तैरिन्छन्
बोसन डाँडाहरु दहमा रम्दछन् ।

म आफ्नो छवी पनि त्यही
महान टौदहको दहमा हेरी
म हर्षित हुन्छु कति, कति ।

टौदहको जलमा तरङ्गित
रङ्गीबिरङ्गी माछाहरु सल....ल
आकाशमाथि चराहरु फर.....र ।

टौदहको निर्मल जलमा
कति निर्मल हुन्छन् सबै
ऐना हो यो मेरो टौदह सधैं ।

टौदहको सिंगार

मेरी टौदह छौ कति भाग्यमानी
जसले पाईन् पवित्र बाघमती नदी
टौदह, तिम्रो सिंगार हो बाघमती ।

टौदहको प्राकृतिक दहको छटा
पूर्वतर्फ पवित्र बाघमती नदी यात्रा
टौदह, तिम्रो शिरबिन्दु हो बाघमती यात्रा ।

भाग - ४

"बाघमती किनार"को "खोकना शिवकाली जात्रा"

पाठकवर्ग, मेरो ५९ औं "**बाघमती नदी र टौदह**" दशैं अगाडिसम्म पनि प्रकाशित हुन सकेन, यसरी दुई वर्ष समेत वितिसकेको छ। म धार्मिक अन्धविश्वासी पनि होइन तर कुनै दैविक शक्ति अवश्य छ, म त्यसैमा विश्वास गर्दछु। मलाई लाग्यो २०६९ कार्त्तिक, फूलपातीका दिन ललितपुर जिल्ला, खोकना गा.वि.स.को "बाघमती नदी" किनारमा रहेको खोकनाको "**शिवकाली जात्रा**"को दर्शन र यसको त्यो ऐतिहासिक र धार्मिक सामग्रीलाई समावेश नगरेसम्म यो पुस्तक प्रकाशनमा रोक भईरहेको छ, त्यही "**दैविक शक्ति**"ले।

पाठकवर्ग, खोकनावासीहरु दशैं मनाउँदैनन्, उहाँहरु प्रत्येक वर्षको "**फूलपाती**"का दिन बाघमती नदी किनारमा रहेको, उच्च डाँडाको ठूलो चौरमा प्रसिद्ध ऐतिहासिक र धार्मिक "**शिवकाली**"को देवस्थानमा भव्य तवरबाट विधिपूर्वक "**पूजा**" सम्पन्न गरी जात्रा मनाउँदछन्।

यस स्थानमा राजा दक्षप्रजापतिले यज्ञ गर्नुहुँदा उहाँकी पुत्री सतीदेवीले त्यहीँ यज्ञकुण्डमा हामफाली आफ्नो प्राण त्याग गर्नु भयो। मैले त्यस दिन विहानै ७:३० बजे त्यहाँ खोकनाका ६ जवान थकालीहरु राखी पण्डितले नेवारी भाषामा दक्षप्रजापतिको पुत्री सतीदेवीको मगंलमय कामना गरेको धार्मिक पाठ सुन्न पाएँ।

फूलपातीको एक दिन अगाडि "**शिवकाली**" देव स्थलमा पाठ गर्दै वस्नु भएको श्री विष्णु डंगोल ज्यूले त्यो ठाउँ "**सिद्ध**"भूमि भएकाले "**सिद्धकाली**" भएको भन्नुभयो। टेकु पचलीमा दाहसंस्कार गर्न लागेको एउटा मानिस त्यहाँ ज्यूदो भयो तर गाउँलेहरुले उसलाई कु-मानव भन्दै गाउँ प्रवेश गर्न नदिएकाले निज पत्नी सहित वाघमती किनारकिनार रूँदैरूँदै हालको वाघमती किनारको डाँडा ठूलो चौरमा आएपछि "**शिव र पावर्तीले** साक्षत् दर्शन दिए र उनीहरु त्यही स्थानमा बसी पूजा गर्न थालेकोले त्यो स्थान "**सिद्ध**"भूमि अथवा, "**सिद्धकाली**" भन्नुहुन्छ। "**खोकना**" नामकरण नेवारी भाषामा "**खोया**" भनेको रूनु हो। त्यही दम्पत्तीबाट "**खोकना**"को निर्माण भएको भन्नुहुन्छ। तर "**सतीदेवी**"को मृत्युबाट क्रोधित भएर भगवान शिवले आफ्नो शरीरबाट काली र वीरभद्र उत्पन्न गरी दक्षप्रजापतिलाई दण्ड दिएको हुँदा उक्त स्थान "**शिवकाली**" भएको ४६ जन जवान देवताहरु भन्नुहुन्छ। यो धेरै अनुसन्धानको विषय भएको अनुरोध छ।

"भैरव"को प्रतीक, खोकनाको "जात्रा गुठी"बाट ४ बजे बिहानै शिवकाली परिसरमा फूलपातीको दिन ल्याइन्छ । यसैबाट वीरभद्र र महाकाल निस्कन्छन् ।



०६९ कार्तिक ५ गते फूलपातीका दिन खोकनाको "शिवकाली" परिसरमा जात्राको वेलाको दृश्य । भक्तजनहरु त्यस दिन छ्यातामा प्रसाद थाप्ने गर्दछन् ।



२०६९ कार्तिक ५ फूलपातीका दिन जात्राको दृश्य । बाघमती नदी छेउ खोकनामा रहेको प्रख्यात "शिवकाली मन्दिर", खोकना गा.वि.स., ललितपुर जिल्ला ।

यो टौंदह बाघमती नदीको पूर्व दक्षिण एकदम नदी छेउ डाँडामा छ । यो ऐतिहासिक र धार्मिक दृष्टिले ज्यादै महत्वपूर्ण छ । सतीदेवीको पिता दक्षप्रजापतिले यहीं यज्ञ गर्नुभएको थियो । यही यज्ञभूमिमा देवी सतीले अग्नि कुण्डमा हाम फाली आफ्नो ज्यान दिएपछि भगवान् शिवले सतीदेवीको लास वोकी हिँड्नुभयो । त्यसपछि यहाँ रहेको गुह्येश्वरी माई, कोटेश्वर महादेव र कुलेश्वर महादेव सती देवीको अंग पतन भइ देवस्थल बनेका हुन् । खोकनामा अझै पनि ४६ जवान मानवरुपी देवताहरू रहन्छन् ।

यहाँ अझै खन्नु हुँदैन भन्ने मान्यता छ । रगत छादेर मर्छन् भन्ने भनाइ छ । खो कना धार्मिक यज्ञभूमि भएकोले यहाँ केवल हाँसहरूमात्र पालिन्छ । यहाँ कुखुरा पूर्णरूपले निषेध छ । यसलाई धार्मिक अनुशासनमा वसेको स्थानको रूपमा प्रत्यक्ष देख्न सकिन्छ ।

गुरू देवता नायस देय (नित्यनाथ) श्री बुलाल महर्जन, अग्नीदेव श्री राम महर्जन र न्याम्चीच्चामा श्री रामभक्त महर्जन।

पोगां वाजा वजाउनु हुँदै देवता श्री अष्टराम महर्जन, देवता श्री ज्ञान महर्जन र भ्याली वजाउनु हुँदै देवता श्री शिवलाल महर्जन ।

शिवकाली जात्राका दिन यज्ञमा अग्नी प्रज्वलितपछि मन्दिरको चारैतिर विधिपूर्वक खोकनाका महिलाहरु दिया वाल्दै।

३ गुठीका थकालीहरु राखी होम गर्दै । गुरूज्यू श्री किशोर वज्राचार्य ज्यूबाट दक्षप्रजापति, ३३ कोटी देवता, सतीदेवीको कथा वाचन गर्नु भएर होम गराउनु हुँदै २०६९ कार्त्तिक ।

अगाडि रूद्रायणी (सतीदेवी) त्यसपछि महादेव विधिपूर्वक शिवकाली तर्फ जानु हुँदै । फूलपातीका दिन ४६ देवताहरु दर्शन गर्न दुवैतर्फ खोकनावासी र अन्य भक्तजनहरु वस्दछन् ।

म, शिवकाली र जून

पूर्णिमाको रातमा त्यो जून
यति सुन्दर देखीन्छिन्
यदि यो बेलामा, म
शिवकालीमा भएकी भए
त्यो प्राकृतिक डाँडामा
म, शिवकाली र जून
कति रचनात्मक बन्थ्यौं
शीतल उज्यालो जूनको साथ
त्यो शिवकालीको आर्शिवाद
मेरो कलमले कति लेख्दथे
त्यो प्राकृतिक र धार्मिक
अनि ऐतिहासिक शिवकाली
म, शिवकाली र पूर्णिमाको जून
तीनै जवान एकसाथ भएको भए
यो मेरो कलमले कति धेरै
ज्ञानवर्द्धक कविताहरु रच्दथे ।

मनको पखेटा

म मनको पखेटा लगाएर उड्छु
कहिले खोकनाको शिवकालीमा हुन्छु
म त्यही मनको पखेटा लगाएर
कहिले चाल्नाखेलको चम्पादेवीमा पुग्दछु
म फेरि फर्केर आफ्नै टौदहमा हुन्छु ।

म प्रसिद्ध शिवकालीमा पुग्न सक्दिनँ
बाघमती नदी, शिवकाली र टौदहबीचमा छिन्
म, तर्न सक्दिनँ, बाघमती नदी तिमीलाई
छैन पुल टौदह र शिवकाली जोड्नेलाई
त्यसैले मनको पखेटासँग उड्छु शिवकाली मैं ।

कल्पिएको मन

म बाघमती नदी पारिको
पवित्र यज्ञभूमि शिवकालीको
त्यहाँ मेरो मन प्रत्येक पल
छट्पटिरहेको हुन्छ पुग्न ।

बाघमती नदी किनारको वारि
टौदहको तट्मा कल्पिरहन्छ बसी
यो मन उडेर त्यहाँ पुगेको हुन्छ
तर, यो तन एउटा लास वारि हुन्छ ।

सधैं शिवकाली

मन मेरो बाघमती पारि
हुन्छ खोकनाको शिवकाली
तर, यो तन टौदह वारि ।

म झसङ्ग हुन्छु
मनले उडेकी हुन्छु
तर शिवकाली हुन्छु ।

विकृत विचारहरुको अन्त्य
शिवकाली यज्ञ स्थल
खरानी भएको यज्ञ स्थल हुन्छु ।

अनादरले अग्नी कुण्डमा
देह त्याग, त्यो यज्ञ कुण्डमा
देवी सतीको बलिदान त्यहाँ पढ्छु ।

शिवबाट उत्पन्न काली
गर्न ध्वस्त दक्ष प्रजापति
दिए अहंकारीहरुलाई बलि ।

म पल, पल हुन्छु
पवित्र शिवकाली हुन्छु
त्यो यज्ञभूमिमा पुग्छु।

भगवान शिवको क्रन्दन खोज्छु
सती देवीको खरानी खोज्छु
म त्यही शिवकाली हुन्छु।

म पल, पल उड्छु
बाघमती नदी पारि पुग्छु
पवित्र शिवकाली हुन्छु।

यो तन टौदह वारि
यो मन बाघमती पारि
हुन्छु म सधैं शिवकाली।

यज्ञभूमि

ऐतिहासिक खोकनाको शिवकाली
मलाई पटक पटक दर्शन गर्न
त्यो ऐतिहासिक स्थानमा जान
त्यो धार्मिक स्थानमा पुग्न
त्यही यज्ञभूमिमा हुन्छ मेरो मन।

देवी सतीको पिता दक्ष प्रजापति
उनको अहंकार नष्ट भएको भूमि
राक्षसी विचारहरु खरानी भएको भूमि
अनेक विकृतिहरु अन्त्य भएको भूमि
यो पवित्र यज्ञभूमिमा म हुन्छु त्यही।

यज्ञभूमि शिवकाली

आजभोलि म
आफ्नै जीवनलाई
अनेक प्रश्न गर्दछु
र, उत्तर पाउँदछु
खोकनाको शिवकाली
यज्ञभूमि शिवकाली
मेरो काम र कर्तव्य हो
यज्ञभूमि शिवकाली ।

शिवकालीः दिव्यभूमि

खोकनाको शिवकाली
कति मनोरम र प्राकृतिक
कति ऐतिहासिक र धार्मिक ।

आडम्बर र अहंकारहरु
खरानी भएको पवित्रस्थल
देवी सतीको प्राणत्याग स्थल ।

देवी सतीको प्राणत्यागबाट
क्रोधित र विक्षिप्त शिव
र, काली उत्पन्न शिवबाट ।

माँ कालीको ताण्डवस्थल
अहंकारहरुको नष्टस्थल
शिव र कालीको पवित्रस्थल ।

खोकनाको शिवकाली
साँस्कृतिक ठूलो धरोहर
खोजको एउटा मेरो चुनौती ।

शिवकाली साक्षत् दिव्यभूमि
जो कोही गर्दछ प्रत्यक्ष दर्शन
मनको विकारहरु अन्त्य हुन्छन् ।

खोकनाको शिवकाली

खोकनाको शिवकाली
साँस्कृतिक एक सम्पदा
बाघमती नदी किनार
मन पुग्दछ मेरो त्यहीं ।

खोकनाको शिवकाली
ऐतिहासिक एक सम्पदा
बाघमती नदी किनार
मन घुम्दछ मेरो त्यहीं ।

खोकनाको शिवकाली
धार्मिक एक सम्पदा
बाघमती नदी किनार
मन बस्दछ मेरो त्यहीं ।

खोकनाको शिवकाली
प्राकृतिक एक सम्पदा
बाघमती नदी किनार
मन रम्दछ मेरो त्यहीं ।

भाग - ५

६८. चम्पादेवी "शिर"

चम्पादेवी क्षेत्रसुधार तथा व्यवस्थापन संस्थाका अध्यक्ष श्री जनक तामाङ्ज्यू मेरो यस "बाघमती नदी र टौदह" का अध्ययन र अनुसन्धान गर्न सहयोग गर्नुहुने मार्गदर्शक नै हुनुभएको यहाँ सबैमा जानकारी गराउन चाहन्छु। चोभारको डाँडा "महा-मञ्जुश्री"ले काट्नुहुँदा "ध्यानोच्च" पहाडको उल्लेख छ। उहाँले "ध्यानोच्च" पहाड चम्पादेवी पहाड भएको जानकारी गराउनु भए बमोजिम उल्लेख गरेकी छु। "महा-मञ्जुश्री"ले चोभार डाँडा काट्दा फुलोच्च र ध्यानोच्च नामका पहाडमा वरदा र मोक्षदा दुई देवीहरूको स्थापना गरिएकोले उनी दुवै "महा-मञ्जुश्री"को पत्नी हुन् भन्नु भएको छ। त्यसैगरी फुल्लोच्च पहाड फुलचोकी डाँडा भएको भन्नु भए बमोजिम उल्लेख गरेकी छु।



"बाघमती नदी" बोसन, चाल्नाखेल गा.वि.स.का मार्गदर्शक श्री जनक तामाङ्ज्यूले "चम्पादेवी"को "शिर" रहेको विकट ठाउँको तसबीर ०६८/१२/१२ चैत्रका दिन उपलब्ध गराउनु भएको हो।

चम्पादेवी क्षेत्रसुधार तथा व्यवस्थापन संस्थाबाट प्राप्त

यस गुरूयोजनाको प्रतिवेदनमा उल्लेख तथ्यहरु यहाँ प्रस्तुत गर्न गईरहेकी छु । चम्पादेवी डाँडामा चाँपका रूखहरू धेरै थिए । त्यसैले यो स्थान चम्पादेवी हुन पुगेको रहेछ । सत्य युगमा काठमाण्डौ उपत्यका जलमग्न थियो । त्यसबेला यसको चुचुरोमा भगवान् "**शिखी बुद्ध**" आउनुभएर ध्यान गर्नुभएको थियो । चम्पादेवीको वर्णन महा-भारत र हिमवत्खण्डमा उल्लेखअनुसार देवी पार्वती अथवा चम्पादेवीले दुई घैला पानी बोकी यस डाँडामा ल्याउनुभएको थियो । चम्पादेवीको दुई पाउ, दायाँ पाउ बोसनमा र अर्को पाउ दूधपोखरी, कीर्तिपुर नगरपालिकामा पर्दछ ।

चम्पादेवी पाउ



चाल्नाखेल गा.वि.स. बाघमती नदी पश्चिमतर्फ पहाडलाई चम्पादेवी पहाड भनिन्छ । माथि प्रख्यात चम्पादेवी मन्दिर छ । बोसन डाँडामा उही चम्पादेवीको प्राकृतिक पाउमाथिबाट खसेर त्यहीँ अडेकोले त्यहीँ स्थापना गरी "पाउ"लाई पुजिन्छ ।

चम्पादेवी पुगौं

पैदल यात्रा गरौं
पवित्र चम्पादेवी पुगौं
आफ्नै मातृभूमिको
सुन्दर पर्यटन क्षेत्रको
विकास गर्न अघि बढौं ।

चम्पादेवी बोलाउँदछ
त्यो भूमिले जगाउँदछ
अनुपम उसको सौन्दर्य
बनाउने छ मोहित
चम्पादेवीको बुझौं इतिहास ।

प्राकृतिक चम्पादेवी

म लामो, लामो श्वास लिन्छु
सुन्दर चम्पादेवी वरपर घुम्छु
जताततै मधुर सुवासहरु
त्यही शरीरभित्र प्रवेश हुन्छन् ।

जहाँ स्वस्थ्य र स्फुर्ति आउँदछ
चम्पादेवी ज्ञानको स्रोत हेरी
हरिया वन, सुन्दर मनमोहक
जहाँ कुहिरोहरु खेल्दछ खेल त्यही ।

हात्तिवन र चम्पादेवीका पहाडहरु
कुहिरोमा खेलीरहेको दृश्यहरु हेरी
वायुमा प्राकतिक जडीबुटीहरुको मिश्रण
तनमन सबै स्वस्थ्य चम्पादेवी गई ।

अमरत्व दिने चम्पादेवी

म आफ्नो मनमष्तिस्क
राख्न चाहन्छु एकदम स्वच्छ
तर यो तनभित्रको मेरो मन
कताकता गलत सोच्न थाल्दछ
तब यो आफ्नो मनको विकार हटाउँन
तुरुन्तै आफूलाई चम्पादेवी पुऱ्याउँदछु
यो तन यही टौदहमा छोड्छु
यो मनलाई चम्पादेवी पुऱ्याउँदछु।

चम्पादेवीको प्राकृतिक र पवित्र वातावरणले
मेरो मनको सबै कुविचारहरु हटाउँदछ
त्यहाँ मेरो मन सृजनात्मक बनेर आउँदछ
असल र सुन्दर सोचहरु उत्पन्न हुन्छन्
मेरो कलम लेख्नका लागि कागजमा चल्दछन्
सेता कागजमा सुन्दर कविताहरु बन्दछन्
यही लेखनहरुले मलाई मृत्युपछि अमर बनाउँनेछन्।

जीवन चक्र

बाघमती नदी, टौदह
र खोकना शिवकाली
म कहिले पारि
र म कहिले वारि
म घुमिरहेकी हुन्छु
तिम्रै वरपर
यस्तो लग्दछ
मेरो जीवनचक्र
तिम्रै हो एउटा चक्र
कहिले म पारि
र कहिले वारि
म गरिरहेकी हुन्छु
आहा ! मेरी चम्पादेवी।

विविध

लेखिका शान्ति चौधरी "थारु"द्वारा लिखित कृतिहरु

प्रकाशित कृति	प्रकाशन मिति	कृतिको नाम	विमोचनकर्ताको नाम	विमोचित ठाउँ
१ औं	२०४७	शान्तिको आत्मकथा (श्री राजसिंहद्वारा अंग्रेजीमा अनुवादित)	श्री शान्तलाल मुल्मी, समाजसेवी समूहको अध्यक्ष	सृजना विकास केन्द्रको कार्यालय
२ औं	२०४९	सृजनाको गीत र कविताको संगालो		
३ औं	२०४९	गाउमा हिंड गाउमा जाउं		
४ औं	२०४९	काठमाण्डौ सहरलाई सफा र स्वच्छ राखौं (गीत र कविताको संगालो)		
५ औं	२०४९	फुटेर होइन जुटेर हामी छुनेछौं लक्ष्यलाई		
६ औं	२०४९	जागरण गीत		
७ औं	२०४९	दुई विघा जमिन	बंगलादेशको राजदूत श्री शैयद अहम्मद हुसैन	APRDPS Hal, Singha Durbar
८ औं	२०५१	विगहडल तोहर थारु समाज		
९ औं	२०४९	नेपाली महिलामा जनचेतनाको वृद्धि	अध्यक्ष मल्ल के सुन्दर पत्रकार र राजनीतिज्ञ	टुंडिखेल
१० औं	२०५१	छोरीको पतन र दोषी अभिभावक		
११ औं	२०५१	भेदभाव विरुद्धको युद्ध	न्याय परिषद्को सचिव श्री इन्दिरा राणा	टुंडिखेल
१२ औं	२०५१	आदिवासी	शिक्षा मन्त्री माननीय श्री मोदनाथ प्रश्रित	नेपाल वार एशोशिएसनको हल
१३ औं	२०५२	निम्न तहको जनताको आवज	शिक्षा मन्त्री माननीय श्री मोदनाथ प्रश्रित	नेपाल वार एशोशिएसनको हल
१४ औं	२०५२	कमैया (थारु भाषा)	समाजसेवी समूहको अध्यक्ष श्री शान्तलाल मुल्मी	लामा गाउं नुवाकोट जिल्ला
१५औं	२०५२	कमैया Kamaiya (Tharu and English Version)	समाजसेवी समूहको अध्यक्ष श्री शान्तलाल मुल्मी	लामा गाउं नुवाकोट जिल्ला
१६ औं	२०५३	नेपालका शोषित तथा तराईका मधेशीमूल महिलाको समस्या समाधान	आपूर्ति मन्त्री माननीय गजेन्द्रनाराण सिंह	कृषि विकास बैंकको हल
१७ औं	२०५३	हमर दूधु (मेरी आमा)	उप-प्रधानमन्त्री तथा गृहमन्त्री वामदेव गौतम	नेपाल वार एशोशिएनको हल

प्रकाशित कृति	प्रकाशन मिति	कृतिको नाम	विमोचन कर्ताको नाम	विमोचित ठाउं
१८ औं	२०५४	बेटी	सम्माननीय प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द	कृषि विकास बैंकको हल
१९ औं	२०५४	गांजा, दारु, अफिम, एगो जहरवा	सम्माननीय प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द	कृषि विकास बैंकको हल
२० औं	२०५४	दालभात/लन्चडिनर	सम्माननीय प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द	कृषि विकास बैंकको हल
२१ औं	२०५४	पुस्तक-उपहार	सम्माननीय प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द	कृषि विकास बैंकको हल
२२ औं	२०५४	मानिस किन गरिब हुन्छ ?	सम्माननीय प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द	कृषि विकास बैंकको हल
२३ औं	२०५४	गांवके पहचान	माननीय निर्माण तथा यातायात मन्त्री विजयकुमार गच्छदार	कृषि विकास बैंकको हल
२४ औं	२०५४	कन्यौति	माननीय निर्माण तथा यातायात मन्त्री विजयकुमार गच्छदार	कृषि विकास बैंकको हल
२५ औं	२०५४	तराई के चट्टान और मधेशी पहिचान (नेपाल सद्भावना पार्टीका अध्यक्ष श्री गजेन्द्रनारायण सिंहमा आधारित	पूर्वमन्त्री तथा नागरिक मञ्चको अध्यक्ष डा. नागेश्वरप्रसाद सिंह	महिला प्रशिक्षण केन्द्र,जावलाखेल, ललितपुर
२६ औं	२०५४	अडान (पूर्वप्रधानमन्त्री एवं रा.प्र.पा. अध्यक्ष श्री सूर्यबहादुर थापामा आधारित)	स्थानीय विकास मन्त्री श्री गजेन्द्रनारायण सिंह	कृषि विकास बैंकको हल
२७ औं	२०५५	शक्तिकी प्रतीक (श्रीलंकाका राष्ट्रपति चन्द्रिका कुमारतुंगामा आधारित)	माननीय महिला तथा समाज कल्याण मन्त्री श्रीमती मीना पाण्डे	ललितपुरको माध्यमिक विद्यालय लगनखेल पाटन
२८ औं	२०५५	प्रवल नेतृत्वायी व्यक्तित्व (अमेरिकी राष्ट्रपति विल क्लिन्टनमा आधारित)	माननीय निर्माण तथा यातायात मन्त्री विजयकुमार गच्छदार	कृषि विकास बैंकको हल
२९ औं	२०५६	श्री ५ वीरेन्द्र तथा मौसूफ सरकारको भ्रमणहरु	माननीय गृह, सूचना तथा सञ्चार मन्त्री श्री पूर्णबहादुर खड्का	बार एशोशिएसनको हल
३० औं	२०५५ फाल्गुण	वाराके जनजाति धारु के संरक्षण खातिर नेतृत्व के विकास	सम्माननीय प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला	उदयपुर जिल्ला हडिया गाउं धारु महाधिवेशन
३१ औं	२०५५ फाल्गुण	उज्जवल तारा उजर तारा (नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा मन्त्री विजयकुमार गच्छदार आधारित		
३२ औं	२०५५ चैत्र	आवाज (नेपाल सद्भावना पार्टीका अध्यक्ष गजेन्द्रनारायण सिंहमा आधारित)		

प्रकाशित कृति	प्रकाशन मिति	कृतिको नाम	विमोचन कर्ताको नाम	विमोचित ठाउँ
३३ औं	२०५५ चैत्र	जनजातिको राजनैतिक जोगी र प्र.म. कोइराला (पूर्व भीमबहादुर तामाङ र प्र.म. कोइरालामा आधारित)		
३४ औं	२०५६	जागृति (ने.क.पा.माले)को अध्यक्ष एवं मन्त्री श्रीमती साहना प्रधानमा आधारित		
३५ औं	२०५६ जेष्ठ	कोफी अनान (यू.एन.का महासचिव कोफी अनानमा आधारित)	माननीय तथा खेलकुद तथा संस्कृति मन्त्री शरतसिंह भण्डारी	महिला विकास केन्द्र प्रशिक्षण केन्द्र, जावलाखेल
३६ औं	२०५७ वैशाख	आदर्श (डा. डिल्लीरमण रेग्मी तथा पूर्व मन्त्री कृष्णप्रसाद भट्टराईमा आधारित)	माननीय तथा प्रमुख प्रतिपक्ष दलका नेता महासचिव माधवकुमा नेपाल	पर्यटन बोर्डको हल भृकुटी मण्डप
३७ औं	२०५७ कार्त्तिक	मेरो रगत सद्दामको लागि (इराकी राष्ट्रपति सद्दाममा आधारित)	ने.क.पा. (माले)का अध्यक्ष साहना प्रधान	कृषि अनुसन्धाको हल सिंहदरबार
३८ औं	२०५७ चैत्र	Soul of the Nation राष्ट्रको आत्मा (थाई नरेश भूमिबोलमा आधारित)	महामहिम पोथेप वानचिन्डा	नेपाल वार एशोशिएसनको हल, सिंहदरबार
३९ औं	२०५७	मुक्त कमैया के वर्तमान हालत	मा.भूमि सुधार राज्यमन्त्री मोहम्मद अफताव आलम	नेपाल वार एशोशिएसनको हल, सिंहदरबार
४० औं	२०५९ मंसिर	राममाया राष्ट्रिय दलित महिला सेवा पुरस्कार		
४१ औं	२०५९ वैशाख	प्रेरणा र दलित (भारतको प्रथम दलित राष्ट्रपति के.आर. नारायण र नेपालको दलित)	माननीय मन्त्री श्री खेमराज भट्ट मायालु	नेपाल पर्यटन बोर्डको हल नेपाल राजकीय
४२ औं	२०६० असार	श्री ५ ज्ञानेन्द्र सरकारको ५६ औं शुभजन्मोत्सव	प्राज नीर शाह (जे.पी. प्रतिष्ठान)	प्रज्ञा प्रतिष्ठानको हल, कमलादी
४३ औं	२०६१	श्री ५ ज्ञानेन्द्र सरकारको ०५९ असोज १८ गते ऐतिहासिक शाही घोषणा अघि र पछिका घट्नाक्रमहरु	राजपरिषद् सम्माननीय सभापति श्री परशुनारायण चौधरी	सहकारी प्रशिक्षण केन्द्र, नयां वानेश्वर
४४ औं	२०६१	तिलासंकात/माघी	राजपरिषद् सम्माननीय सभापति श्री परशुनारायण चौधरी	नेपाल वार एशोशिएसन हल
४५ औं	२०६२	जनजाति आदिवासी आन्दोलनको कर्मयोगी योद्धा परशुराम तामाङ	वरिष्ठ साहित्यकार एवं प्राज वैरागी काइला	नेपाल वार एशोशिएसनको हल
४६ औं	२०६३ असोज	थारु संस्कृति/साहित्यका केही हांस्यव्यङ्ग्य पक्षहरु	माननीय गृहमन्त्री दानबहादुर शाही	नेपाल वार एशोशिएसनको हल

प्रकाशित कृति	प्रकाशन मिति	कृतिको नाम	विमोचन कर्ताको नाम	विमोचित ठाउँ
४७ औं	२०६३	श्री ५ ज्ञानेन्द्र सरकारको ०६१ माघ १९ को निर्णायक शाही घोषणा "अष्ट्रेलिया"का कारण विवादस्पद पूर्वप्रधानन्यायिश पौडेलको "न्यायको शासन"	माननीय कानून, न्याय तथा व्यवस्था मन्त्री निरञ्जन थापा	नेपाल बार एशोशिएसनको हल
४८ औं	२०५३ जेष्ठ	प्रेमकी परी "लिलिवेथ" Angel of Love "Lilibeth" (बेलायतकी महारानी एलिजाबेथ र ब्रिटिस गोरखामा आधारित)	माननीय कानून न्याय तथा व्यवस्था मन्त्री श्री नरेन्द्रविक्रम नेम्वाङ	होटेल ऐम्बेसडर लाजिम्पाट
४९ औं	२०६३ आश्विन	लोकतान्त्रिक जनयोद्धा भूमिपुत्र "प्रभुनारायण थारू"	उप-प्रधानमन्त्री श्री अमिक शेरचन	नेपाल बार एशोशिएसनको हल
५० औं	२०६४ मंसिर	भाइ तराई रोइ रहेकी छिन् यसैले म फर्किन्नँ काठमाण्डौ	भारतमा लिखित	पटना, भारत
५१ औं	२०६५ मंसिर	पर्सा थारुको ऐतिहासिक र थारु धर्मशाला बचाऊ अभियान		वीरगञ्ज
५२ औं	२०६५ माघ	ऐतिहासिक श्री रामजानकी मन्दिर एवं थारु धर्मशाला	वरिष्ठ थारु अगुवा श्री रामवकस महतो थारु	वीरगञ्ज उद्योग वाणिज्य महासंघको हल
५३ औं	२०६६ वैशाख	वीरगञ्ज मे आदिवासी थारु हक के सभा	वरिष्ठ अधिवक्ता शुसिलकुमार सिन्हा	समाज कल्याण परिषद्को हल, काठमाण्डौ
५४ औं	२०६६ पौष १५	संक्षिप्तः श्री गच्छदारका राजनीतिका यात्राहरु	माननीय उप-प्रधानमन्त्री श्री विजयकुमार गच्छदार	वीरगञ्ज सभागृह
५५ औं	२०६६	मधेश अव न बनी पहाडी शोषक के गुलाम (April 2010)	माननीय पर्यटन मन्त्री श्री शरतसिंह भण्डारी	नेपाल बार एशोशिएसनको हल
५६ औं	२०६७ आश्विन	Black and Black	अध्यक्ष श्री अच्युतप्रसाद पौडेल, अध्यात्मिक चिन्तन प्रतिष्ठान	ललितपुर माध्यमिक विद्यालय, लगनखेल
५७ औं	२०६८	महान् टौदह	संस्कृतिविद डा. सत्यमोहन जोशी	टौदह, कीर्तिपुर, न. पा.
५८ औं	२०६७ पौष	नायक		
५९ औं	२०६९ कार्त्तिक	बाघमती नदी र टौदह		
६० औं	२०६९ कार्त्तिक	टौदह, शिवकाली र चम्पादेवीमा बाघमती पुल		

प्रकाशित मिति : २०६२ असार ५ गते

अन्नपूर्ण पोष्ट

लेखनमार्फत विश्व कीर्तिमान

जिन्दगीलाई वरदानको रूपमा परिभाषित गर्नुहुने लेखिका तथा समाजसेवी शान्ति चौधरी जीवनलाई सार्थक बनाउन असल कार्य गर्नुपर्ने बताउनुहुन्छ। त्यसैले राष्ट्र र समाजका लागि आफ्नो जीवन समर्पित गरेर लेखनको माध्यमबाट कोही दिने चाहना लिनुभएकी शान्ति हरेक क्षेत्रमा सफलता पाउन कामना निरन्तरता दिनुपर्ने बताउनुहुन्छ।



लेखन सिर्जनामा व्यस्त शान्ति चौधरी।

पुरस्कार ग्रहण गरिसकेपछि सहकर्मीका साथमा शान्ति चौधरी।

परिचय किताबहरुबारे

- अन्नपूर्ण पोष्टद्वारा प्रकाशित हास्य पत्रिका
- पत्रिकाको मुखपत्रद्वारा
- नेपालका लोकप्रिय दैनिक महिला सेवा पुरस्कार
- दैनिक पत्रिकाको, उत्कृष्ट महिला समाचारदाता प्रतिभा सम्मान
- राजधानीका सेरा र दार्जिलिङका सेलोमा सञ्चालन गुम्बाभित्र नेपाल विद्यालय सम्पन्नता अन्तर्गत सञ्चालित विद्यालय
- नेपाल अन्तरराष्ट्रिय विद्यालयका प्रधानाध्यापक
- महिला सशक्त सम्मानित
- महिला सशक्त अन्तर्राष्ट्रिय सम्मान

काठमाडौं

पचास वर्ष उमेरमा आफ्नो जीवनलाई सार्थक बनाउन असल कार्य गर्नुपर्ने बताउनुहुने लेखिका तथा समाजसेवी शान्ति चौधरी लेखनबाट विश्व कीर्तिमान कायम गर्न १९९५ देखि अगाडि बढ्नुहुन्छ। यसबीचमा कार्यालयले विशेष मेलापर्व मेला व्यवस्थापन उत्तरी क्षेत्रमा पहिलो पटक महिला सेवा पुरस्कार प्रदान गर्न थालेपछि उनले त्यसै पहिलो कार्यमा प्रथम पर्न थालेपछि त्यसबाट प्रभावित भएर विभिन्नले अहिलेसम्म भरपर्दो लेखन संस्था आवश्यकता भएर आफ्नो कार्यमा सहभागिता जनाउने, नेपाल विद्यालय र सांस्कृतिक कार्यको स्थानीय मातिम दिदेवसम्म कार्यक्रम सहयोगका लागि धन्यवाद दिनुभएको छ। साथै समुदायमा स्थापना अन्धविश्वास, कुरीति उन्मूलनको विषयमा पनि चौधरीले आफ्नो जीवनका धेरै समय खर्च गर्नुभएको छ। उहाँले

सृजना विकास केन्द्र
Creative Developkment Centre
पो.ब.नं. 5484, केन्द्रीय कार्यालय, काठमाडौं
स्थापित २०४५
कीर्तिपुर नगरपालिका वडा नं. १५, टौदह
प.सं.....

का.जि.का. दर्ता नं. ६१/०४७-४८
स्थायी लेखा नं. :३०३४४४७१५
२०६७।१२।

मिति :

मिति २०६८/

सल्लाहकारहरू
अधिवक्ता दिनेशलाल श्रेष्ठ
मो. ९८४१६३६४६४
श्री सियाराम चौधरी
मो. ९८०३०५०५९८
अध्यक्ष
शान्ति चौधरी
लेखक/ कवयित्री
मो.९८४३०२७३३३
उपाध्यक्ष
श्रीमती इन्दिरा जोशी
मो. ९४४११८४५१९
महासचिव
श्री श्यामराज जोशी-ललितपुर
फोन : ०१-५५३३८५२
सचिव
श्रीमती अञ्जना मदिवर्जी -भक्तपुर
मो.९८४१६३७८६८
कोषाध्यक्ष
श्री महेन्द्र चौधरी
मो. ९८४१२१३६४२
सदस्यहरू
श्रीमती पद्मा वैद्य-काठमाडौं
मो.९८४२२६३८७५
श्रीमती सुनीमाया लामा
मो. ९८५१०५५३०२
श्रीमती सुभद्रा तण्डुकार
मो ९८४१२८३३२८
श्री भीमसेन दमाई
मो. ९८०३९३३८३७
श्री ललित लामा
मो. ९८५७४२५६०५
८४१४२५६०४
श्रीमती प्रनिता चौधरी
मो. ९८९०८९१९५
श्रीमती निगुवाबा जोशी
मो.९८५१०९९५१८
श्री रमेश के.सी.
मो.९८५११०९४६६
श्रीमती राधिका के.सी.
मो.९८४१७३४२२६
सुश्री दुर्गा श्रेष्ठ
फो.४२२१२९८

माननीय मन्त्रीज्यू
महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय
सिंहदरबार, काठमाण्डौ ।

विषय : सिफारिश पत्र बनाउने बारे ।

माननीय मन्त्रीज्यू,

उपरोक्त विषयमा सादर निवेदन यो छ कि काठमाण्डौ जिल्ला कीर्तिपुर न.पा. वडा नं. १५ "टौदह" मा त्यहाँका बालबालिकाहरूलाई खेलकूद गर्ने स्थान नभएको कठिनाई व्यहोरा निवेदन गरेकी छु ।

ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं पर्यटकीय "टौदह" मा त्यहाँका बालबालिकाहरू खुला मैदानको अभावमा खेलकूद गर्न नसकेर कुण्ठा र खुम्चिएर बसेका पीडादायक व्यहोरा निवेदन छ ।

यही व्यहोरा माननीय मन्त्रीज्यूना मैले निवेदन गर्दै त्यहाँका बाल-बालिकाहरूमा प्रेरणा र उत्साह दिनका लागि बिस्कुटहरू वितरण गर्नका लागि निवेदन गरेकीमा माननीय मन्त्रीज्यूबाट बडो उत्साहपूर्वक "टौदह" आउने समय दिने बारे मैले त्यहाँका बालबालिकाहरू र स्थानीय अभिभावकहरूमा जानकारी गराएकीमा, सबैमा बडो उत्साह जागेको छ ।

यही क्रममा त्यहाँका समाजसेवी श्री गोकुल खड्कावाट बाल-बालिकाहरूका लागि पार्क निर्माण गर्ने आफ्नो ज्यादै जोस जाँगर देखाउनु भएकोले यस संस्थाले श्री गोकुल खड्कालाई सार्वजनिक ठाउँ एवं बागमती नदी संरक्षण समेत हुने उपेक्षित सार्वजनिक ठाउँमा "टौदह" बाल पार्क निर्माणका लागि केन्द्रीय स्तरबाट संयोजक मनोनयन गरेकी छु भन्ने निवेदन छ ।

श्री गोकुल खड्का संयोजक "टौदह बाल पार्क" निर्माणका लागि स्थानीय नागरिक, सरकारी एवं गैर सरकारी संस्थाहरूसंग समन्वय गर्ने

सृजना विकास केन्द्र
Creative Developkment Centre

का.जि.का. दर्ता नं. ६१/०४७-४८
स्थायी लेखा नं. :३०३४४४७१५
२०६७।१२।

पो.ब.नं. 5484, केन्द्रीय कार्यालय, काठमाडौं
स्थापित २०४५
कीर्तिपुर नगरपालिका वडा नं. १५, टौदह

नं.....

मिति :

सल्लाहकारहरू
...विक्ता दिनेशलाल श्रेष्ठ
...९८४१६३६४६४
...नियाराम चौधरी
...८०३०५०५९८
अध्यक्ष
शान्ति चौधरी
लेखक/ कवयित्री
मो.९८४३०३७३३३
उपाध्यक्ष
श्रीमती इन्दिरा जोशी
मो. ९४४११८४५९१
महासचिव
श्री श्यामराज जोशी-ललितपुर
फोन : ०१-५५३३८५२
सचिव
...मती अञ्जना मदिकर्मी -भत्तपुर
मो.९८४१६३७८६८
कोषाध्यक्ष
... महेन्द्र चौधरी
...मो. ९८४१२१३४४२
सदस्यहरू
...मती पद्मा वैद्य-काठमाडौं
मो.९८४९२६३८१५
श्रीमती सुनीमाया लामा
मो. ९८५१०५५३०२
श्रीमती शुभद्रा तण्डुकार
मो ९८४१२८३३२८
श्री भीमसेन दमाई
मो. ९८०३९३३८३७
श्री ललित लामा
मो. ९८४१४२५६०४
८४१४२५६०४
...मती प्रमिला चौधरी
मो. ९८९०८९१९५
...मती मिनुबाबा जोशी
मो.९८५१०९१५१८
श्री रमेश के.सी.
मो.९८५११०९४६६
श्रीमती राधिका के.सी.
मो.९८४१७३४२२६
सुश्री दुर्गा श्रेष्ठ
फो.४२२१२९८

सहयोगार्थ निजको नाममा सिफारिश-पत्र बनाउनको लागि तोक आदेश गरी पाउँ भन्ने निवेदन छ ।

संलग्न :

१) पर्यटन वोर्डबाट प्रकाशित पुस्तक "महान टौदह" थान ----------१
२) "टौदह" सम्बन्धको ब्रोसर थान ----------१
३) संस्थालाई प्राप्त यसै मन्त्रालयद्वारा दिइएको नगद पुरस्कार सहितको सम्मान-पत्रको फोटोकपि थान ----------१
४) अध्यक्षलाई प्राप्त नेपाल सरकारको "राष्ट्रिय प्रतिभा पुरस्कार" सम्मान-पत्रको फोटोकपि थान ----------१
५) काठमाण्डौ जि.वि.स. को २०६८/५/९ को सिफारिश-पत्रको फोटोकपि थान ----------१
६) काठमाण्डौ जिल्ला प्रशासनको २०६९ सम्मको दर्ता नवीकरणको प्रमाणपत्रको फोटोकपि थान ----------१

भवदीय,

शान्ति चौधरी
अध्यक्ष

वोधार्थ :

१) श्री प्रमुख, टौदह वडा नं. १५ कीर्तिपुर नगरपालिका ।
२) श्रीमती मेनुका के.सी., अध्यक्ष - शाखा कार्यालय, टौदह सृजना विकास केन्द्र ।
३) श्री प्रदीप के.सी. अध्यक्ष टौदह संग्राहलय, टौदह वडा नं. १५ कीर्तिपुर नगरपालिका ।

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
सिंहदरबार, काठमाण्डौ
फोन नं. : ४२००३२८, ४२००१६८
४२०००८२, ४२००४१३
फ्याक्स : ४२००११६
इमेल : mail@mowcsw.gov.np
www.mowcsw.gov.np
०१८८०१५

पत्र संख्या :- ८६८०८७
च.नं. :- ८०

विषय : जो व्यससंग सम्बन्धित छ।

यस मन्त्रालयबाट उत्कृष्ट समाज सेवाको पुरस्कार प्राप्त गैरसरकारी संस्था सृजना विकास केन्द्रले काठमाडौं जिल्ला, किर्तिपुर नगरपालिका टौदह, वडा नं. १५ मा त्यहाँका बालबालिकाहरुको लागि स्थानीय समाजसेवी श्री गोकुल खड्काको संयोजकत्वमा "टौदह बाल पार्क" निर्माण गर्ने पुनितकार्य ज्यादै प्रशंसनीय छ।

यस कार्यले टौदह लगायतका सम्पूर्ण बालबालिकाहरुको शैक्षिक, बौद्धिक र शारीरिक विकासमा टेवा पुगोस भन्ने अग्रीम शुभकामना व्यक्त गर्दछु।

दानबहादुर चौधरी (कुर्मी)
मन्त्री

सृजना विकास केन्द्र
Creative Development Centre
पो.ब.नं. 5484, केन्द्रीय कार्यालय, काठमाडौं
स्थापित २०४५
कीर्तिपुर नगरपालिका वडा नं. १५, टौदह
प.सं.....

का.जि.का. दर्ता नं. ६१/०४७-४८
स्थायी लेखा नं. :३०३४४४७१५
२

मिति :२०६९/०४/०४

सल्लाहकारहरु
अधिवक्ता दिनेशलाल श्रेष्ठ
मो. ९८४१६३६४६४
श्री शिवाराम चौधरी
मो. ९८०३०५०५९८
अध्यक्ष
शान्ति चौधरी
लेखक/ कवयित्री
मो.९८४३०३७३३३
उपाध्यक्ष
श्रीमती हन्दिरा जोशी
मो. ९४४११८५९१
महासचिव
श्री श्यामराज जोशी-ललितपुर
फोन : ०१-५५३३८५२
सचिव
श्रीमती उज्जला नदिकर्णी -भापुर
मो.९८४१६३४८६८
कोषाध्यक्ष
श्री महेन्द्र चौधरी
मो. ९८४१२१३५४२
सदस्यहरु
श्रीमती पद्मा देवी-काठमाडौं
मो.९८४९२६३८१५
श्रीमती सुनीमाया लामा
मो. ९८४१०५५३०२
श्रीमती सुभद्रा राजकुमार
मो ९८४१२८३३२८
श्री भीमसेन दमाई
मो. ९८०३९३३८४७
श्री ललित लामा
मो. ९८४१४२५६०४
८४१४२५६०४
श्रीमती प्रमिला चौधरी
मो. ९८९०८९१९५
श्रीमती निलुपाथा जोशी
मो.९८४१०९१५१८
श्री रमेश के.सी.
मो.९८४११०९५६६
श्रीमती राधिका के.सी.
मो.९८४१७३४२२६
सुश्री दुर्गा श्रेष्ठ
फो.४२२१२९८

फोटोग्राफरमा यहाँले टौदह कै श्री शिव खड्का भोवाईल नं. ९८४१५३३९६४) लाई आफ्नो कार्यमा समावेश हुने क्षमता भएको टौदहको जनशक्ति बारे जानकारी गराउँदछु । उहाँले मेरो "बाघमती नदी" अध्ययन/अनुसन्धानको सम्पूर्ण फोटो बढो परिश्रम र सफलता पूर्वक कार्य गर्नु भएको जानकारी गराउँदछु ।

संलग्न
१. संस्था दर्ता प्रमाण-पत्र तथा नविकरणको फोटोकपी थान -१
२. संस्थालाई नेपाल सरकारबाट प्राप्त सम्मान पत्रको फोटोकपी थान -१
३. टौदहको संक्षिप्त परिचय थान -१
४. बाघमती नदी बोसर थान -२

भवदीय
शान्ति चौधरी
लेखक/कवयित्री
एवं
अध्यक्ष

बोदार्थ
१. श्री सचिव ज्यू
वडा कार्यलय १५,
टौदह, कीर्तिपुर नगरपालिका
काठमाण्डौ जिल्ला

२. श्री शिव खड्का फोटो ग्राफर टौदह पंचती भैरव स्टुडियो ।

पर्यटन बोर्डका श्री मणिराज र आमा

पुस्तकलाई विषयकेन्द्रीत, स्तरीय तथा असम्बन्धित सामग्रीहरु कहिल्यै पनि राख्न हुन्न जस्तो महत्वपूर्ण सीप र ज्ञान मैले नेपाल पर्यटन बोर्डका प्रवन्धक श्री मणिराज लामिछानेज्यूबाट सिकेकी छु । उहाँको मार्गदर्शनअनुसार यो ६० औं कृति "टौदह, शिवकाली र चम्पादेवीमा बाघमती पुल"लाई आफ्नो क्षमताले भ्याएसम्म राम्रो बनाउने प्रयास गरेकी छु । तर यी ज्यादै जटिल र गहन विषय भएकोले पहिलो प्रयासमै त्यति उत्कृष्ट बनाउन सकेकी छैन भन्दै सबैसँग अग्रिम क्षमायाचना गरेकी छु ।

"टौदह"मा सबैले मलाई "शान्ति आमा" सम्बोधन गर्ने गर्दछन् यो अति सम्मानित सम्बोधन तौलुङ, ओखेनी, सुन्दरीजल र नैखण्डीका समेतले यही सम्मानित शब्द प्रयोग गर्ने भएकाले सबैको मायालाई अवस्मरणीय बनाउन आमा भन्नु हुने सबैको सम्झनाको लागि मैले "थारु" हटाएर "आमा" उप-नाम यो पुस्तकमा राखेकी छु ।

पुल निर्माण प्रोत्साहनकर्ता, श्री सोवितराम कार्की, प्राचार्य, श्री टौदह राष्ट्रिय उच्च माध्यमिक विद्यालय, टौदह, कीर्तिपुर न.पा., वडा नं. १५, काठमाण्डौ जिल्ला ।



टौदहका जागरुक युवाहरु जसको नेतृत्वमा "शिवकाली" खोकना गा.वि.स. र "टौदह" कीर्तिपुर वडा नं. १५ को बाघमती नदीमा "पुल" बन्ने छ । टौदह संग्राहलयका अध्यक्ष श्री प्रदीप के.सी., महा-सचिव श्री अनिल थापा, उपाध्यक्ष श्री विष्णु महर्जन कोषाध्यक्ष श्री सुमन के.सी. र सदस्य श्री सुरेन्द्र थापा । तसवीर श्री शिव खड्का, टौदह फोटोग्राफर । टौदह कीर्तिपुर न.पा. वडा नं. १५ ।

दाहिने श्री अकलबहादुर लामा उपाध्यक्ष, बीचमा श्री जनाक तामाङ, अध्यक्ष र सदस्य श्री चिरन्जीवी थिङ, चम्पादेवी क्षेत्र सुधार तथा व्यवस्थापन संस्था, बोसन, चाल्नाखेल गा.वि.स. काठमाण्डौ । "शिवकाली" खोकना "टौदह" र "चम्पादेवी"को धार्मिक र पर्यटन विकास गर्न बाघमती नदीमा पुल बन्नु पर्दछ, छलफल पछिको तसवीर । चम्पादेवी पाउं, बोसन ।

पुल निर्माण प्रोत्साहनकर्ता, श्री लोकमान महर्जन, कृषक, टौदह, कीर्तिपुर नगरपालिका, काठमाण्डौ ।

समर्पित

"श्री हरिहर नारायण"

म पुल बनाउँदछु
मेरो लेखनहरुमा
र, म जोड्ने गर्दछु
मेरो प्रिय स्थानहरु ।

म पुल बनाउँदछु
बाघमती नदीमा
शिवकाली र टौदह
चम्पादेवी समेत जोड्न ।

म पुल बनाउँदछु
मन र आत्माको अटुट
नमन, श्री हरिहर नारायण
शिवकाली यज्ञभूमि महान ।

काठमाण्डौ, नक्साल नारायण चौरका वडा नं. १ मा रहेको ऐतिहासिक/धार्मिक "श्री हरिहर नारायण"

यो मेरो ६० औं कृति खोकना गा.वि.स. ललितपुरको प्रसिद्ध खोकना गा.वि.स.को "शिवकाली", टौदह, कीर्तिपुर वडा नं. १५, काठमाण्डौको "टौदह", काठमाण्डौ, चाल्नाखेल गा.वि.स., बोसनको "चम्पादेवी" र बाघद्वारबाट उत्पत्ति भएकी "बाघमती नदी"मा आधारित "टौदह, शिवकाली र चम्पादेवीमा बाघमती पुल"लाई मेरो आफ्नो जन्मथलो, हुर्केकी र बढेकी का.म.न.पा.वडा नं. १ नारायण चौरको "श्री हरिहर नारायण"मा सादर समर्पित गरेकी छु।

२०६९/०६/०३ तीज पंचमी मंगलवार आश्विन शान्ति चौधरी/"आमा"

"टौदह र शिवकाली"को बाघमती नदीमा पुल निर्माणको प्रस्तावना पेशकर्ताहरुको समूहगत तसबीर

भौतिक निर्माण तथा यातायात मन्त्रालयका माननीय मन्त्री श्री हृदयेश त्रिपाठी ज्यूमा काठमाण्डौ, कीर्तिपुर न.पा., टौदह र ललितपुर, खोकना शिवकालीको बाघमती नदीमा पुल निर्माणको प्रस्तावना पेश गर्दै टौदह संग्राहलयका अध्यक्ष श्री प्रदीप के.सी., खोकना गा.वि.स.का प्रतिनीधि श्री पर्णप्रसाद डंगोल । बाँकी प्रतिनीधिहरुका नामावली पुस्तक भित्र । पेश मिति २०६९/०७/०१ ।

मूल्य रु. २००/-

ISBN 946-832-6-0